दायित्व

(सामयिक संकलन)

वर्ष ३ | २०४६ पौष | अङ्क १०

प्रधान सम्पादक
लक्ष्मी पन्त

सम्पादक
तारा कार्की

सल्लाहकार
डा. मथुरा के. सी.
राम प्रसाद पन्त

विशेष सहयोगी
कृष्ण बहादुर थापा
ठाकुर प्रसाद शर्मा

क्षेत्रीय प्रतिनिधि
विष्णु प्रसाद भण्डारी

प्रकाशक
दायित्व प्रकाशन
२१/१५३ डिल्लीबजार
काठमाडौं

मूल्यः–
संस्थागत प्रयोजनका लागि रू. १०।–
सर्वसाधारणका लागि रू. ५।–

सहयोगी शुल्क रू. ५००।–

के ?	कसको ?	कहाँ ?
भेटवार्ता		
ल्हष्टाहरूलाई.....	– विश्वविमोहन श्रेष्ठ	१
साहित्य/सुलेखन		
महाकवि निराला.....	– राम प्रसाद शर्मा	१५
के तपाईलाई कहिल्यै.....	– प्रतीक ढकाल	९
कथा/यात्रा कथा		
ढुङ्गे चउरकी.....	– डा. मथुरा के. सी.	६
डेराको खोजीमा	– कमल ज्वाली	२२
मुख्य कवि	– राम प्रसाद पन्त	२८
लघु कथा/अनुवाद कथा		
'जडवत्'	– अनिल 'बेनामी'	२६
दुईजना साथीहरू	– गेडे मोपासान्ट (अनु. लक्ष्मी पन्त)	३३

कविता/गजल/मुक्तक

दामोदर पुडासैनी 'किशोर' ५, नरेन्द्र प्रसाई ८, यमबहादुर दुरा ८, विष्णु प्रसाद भण्डारी ८, प्रकाश खतिवडा १४, बिनोद नेपाल 'वैगुनी' २१, कुमार 'बिवश' २१, यदुपन्थ २७, मोहन दुवाल ३२, मुरारी पराजुली ३२, धीरेन्द्र मल्ल ३६, उपेन्द्रबहादुर थापा 'सिर्जना' ३६, बासुदेव अधिकारी ३६, प्रह्लाद पोखरेल ३९ ।

साथै विविध ज्ञान / विज्ञान र आश्चर्यजनक घटनाहरू ।

सम्पादकीय

✡ नेपाली साहित्याकाशमा देखा परेका वर्तमान साहित्यकारहरूको संख्या जसरी तीव्र गतिमा वृद्धि हुँदै गैरहेको छ त्यो अनुपातमा साहित्यको स्तरीयता र उत्सर्गतामा गतिशीलता आउन सकेको छैन । समय र परिस्थितिले जन्माएका हाम्रा पूर्वज कवि शिरोमणि पौड्याल, महाकवि देवकोटा, नाट्य महारथि सम, गद्य कविताका प्रथम प्रयोक्ता रिमाल, मनोविज्ञानका जन्मदाता कोइराला र सामाजिक यथार्थताका प्रस्तोता मैनाली जस्ता साहित्यकारहरूलाई समयको अनुपातमा आज हामीले जति पाउनुपर्ने थियो त्यो पाएका छैनौं ।

✱ यसका विभिन्न कारणहरू मध्ये पहिलो कारण हो– नेपाली साहित्यमा जुन प्रयोगको प्रवेश हुनु थियो त्यो भैसक्यो । र आफ्नो स्वैर यथास्थितिलाई अवलम्बन गरेर निरन्तर एकैधारामा प्रवाहित हुने कवि मोहन कोइराला वाहेक अरू कोही छैन पनि । दोस्रो कुरा हो– जनसंख्या वृद्धिको अनुपात भन्दा चौगुनाका दरले साहित्यकारको वृद्धि हुनु र जस्तोसुकै साहित्य भए पनि उच्चता निम्नताको कुनै मापदण्ड नहुनु । तेस्रो कुरा हो– साहित्यमा राजनीतिले आश्रय पाउनु अर्थात् आफ्नो र परायाको भेदभाव गरी विशुद्ध साहित्यलाई विवादास्पद बनाई साहित्यिक गुट तयार गर्नु र एकले अर्को माथि प्रशंसा वा प्रहार गर्नु । यसबाट साहित्यको कल्याण हुँदैन । चौथो कुरा हो– साहित्यकारले जुन सम्मान पाउनु पर्ने हो– त्यो नपाउनु । भनाईको तात्पर्य यो हो कि साहित्य प्रति सद्भाव र महत्वाकांक्षा राख्ने प्रतिभाशाली साहित्यकारहरू आर्थिक विपन्नताका कारणले त्यसै मुरझाई रहेका छन् । साहित्यकारहरूको नामावलीमा नाम टाँस्न लालायित कतिपय व्यक्तिहरू पैसा र चाकडीको भरमा पनि साहित्यकार बन्न पुगेका छन् । यस प्रवृत्ति बाट साहित्यको विकास कहिल्यै हुँदैन ।

✳ चाकरीवाद साहित्यको सबभन्दा ठूलो शत्रु हो । एउटा सिर्जनशील स्वतंत्र र स्वाभिमानी साहित्य स्रष्टाले जब चाकरी गर्न थाल्छ त्यसको पतन त्यहीं देखि शुरू हुन्छ । त्यस्ताले केवल आफ्नो र साहित्यको मात्र अवनति गराउँदैन परन्तु स्वयं सशक्त र स्वाभिमानी साहित्यकारहरूको पनि शीर निहुँयाई दिन्छ, साहित्यमा कलंक लगाई दिन्छ र पवित्र साहित्य र प्रतिभाशाली साहित्यकारको अस्तित्व मेटाई दिन्छ ।

साहित्य, यस्तो वस्तु हो– जसले सिगो युगलाई बोकेको हुन्छ, सर्व मानव कल्याणको वकालत गरेको हुन्छ र मानववादलाई स्वीकारेको हुन्छ ।

त्यसैले साहित्यकारको सबभन्दा ठूलो गुण हो– मानवबाद । जसले दायाँ बायाँको भडकाई र लोभ लालचमा नपरेर मानवहीत र मानव कल्याणको अपेक्षा राख्छ र मानिसलाई सधैं सद्मार्गतिर लाग्ने संकेत दिईरहन्छ उसद्वारा सिर्जित साहित्य सधैं पूज्य र अमर हुन्छ । साहित्यकारले ध्यान राख्नुपर्ने अर्को कुरा हो– स्वयं सिर्जनशीलता र स्वयं प्रस्फुटनको सिद्धान्तमा तटस्थ हुनु । प्रयोगात्मक दृष्टिले स्वयं सिर्जित सैद्धान्तिक साहित्य सर्वोपरि हुन्छ र त्यसलाई हामी असाधारण साहित्य भन्न सक्छौं । त्यस्ता स्रष्टाको अनुशरण गरिएको साहित्यलाई उत्तम र अनुकरणात्मक साहित्यलाई हामी मध्यम तथा साधारण साहित्यको संज्ञा दिन्छौं । कसैको प्रस्तुतीबाट लाइनका लाइन चोरेर रातारात साहित्यकार बन्न खोज्ने नराधमहरूको साहित्य निकृष्ट हुन्छ र त्यस्तो साहित्यलाई हामी अधम एवं चौर्य साहित्य भन्छौं । ती तथाकथित साहित्यकारहरूको टिकाऊ हुँदैन, रातारात जन्मिन्छन् र रातारात मरेर जान्छन् पनि । अतः यस्ता चोर साहित्यकारहरू प्रति प्रतिभाशाली साहित्यकारहरू सधैं सचेत र सजग हुनु पर्दछ ।

卐 अन्तमा **श्री ५ महाराजाधिराज सरकार**को ४५ औं शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको गाथमा सुख समृद्धि, सुस्वास्थ्य तथा दीर्घ सुशासनको लागि मङ्गलमय शुभ–कामना अर्पण गर्दछौं ।

तपाईहरू प्रतीक्षा गर्नुहोस्–

सहदेव उप्रेती 'विवश', ✡वीरेन्द्र राई, हरि मंजुश्री, गिरीराज पन्थ, ✡राजीव दवाडी, ✡सुदय पौडेल, ✡राम विक्रम थापा, रामेश्वर राउत 'मातृदास', शालिकराम पाण्डे, प्रेम श्रेष्ठ 'अनुरक्ति', कोपिला, खलील जिब्रान, ✡नरेन्द्र केशरी पोखरेल, ✡प्रमोद स्नेही, कृष्णभट्टराई 'संगम' ✡भक्तबहादुर पुन, ✡अभिनव कार्की, ✡रूद्रश्रेष्ठ 'अबोध' सुनील पुरी 'सुनीत', रोशन थापा 'नीरव' आदित्य जोशी, माणिकरत्न शाक्य, नरेन 'वियोगी', रविलाल पन्थ, सुरेश न्यौपाने ।

✡ तपाईहरूलाई पुनः प्रतीक्षा गराउनु परेकोमा क्षमा चाहन्छौं ।

–प्र. सं.

"स्रष्टाहरूलाई सम्मानित गरे आफू स्वयं सम्मानित होइन्छ..."

–विश्वविमोहन श्रेष्ठ

नाम : विश्वविमोहन श्रेष्ठ
जन्म : २०१३ साल बैशाख १६ गते
स्थान : म्याङलुङ्ग बजार, तेह्रथुम
शिक्षा : स्नातक [त्रि. वि. वि.]
कृति : विश्वविमोहनका केही कविताहरू, २०४४
अंगारका धमिला धर्साहरू, (मुक्तक संग्रह) प्रकाशोन्मुख
पुरस्कार : युवा वर्ष मोती पुरस्कार – २०४४
रत्न श्री सुवर्ण पदक – २०४४
कविता–महोत्सव, रजत पदक – २०३२
सम्प्रति : सभापति, साहित्यिक पत्रकार संघ, केन्द्रीय कार्य समिति ।

नेपाली साहित्यको काव्य-क्षेत्रमा प्रतिष्ठित कविको नाम हो– **विश्वविमोहन श्रेष्ठ** । पारिवारिक परिवेश, स्कूलको वातावरण, आमा र ठूलदाइको प्रेरणाबाट प्रेरित हुनु भएका उहाँले बाल्यकालदेखि नै कविता कोर्न थाल्नु भएको थियो । श्री श्रेष्ठले स्कूल देखि कलेज स्तर सम्मका विभिन्न साहित्यिक कार्यक्रममा पुरस्कृत हुँदै आउनु भएको छ ।

प्रत्येक वर्ष आयोजित हुने कविता महोत्सवमा २०३२ सालमा ने. रा. प्र. प्र. बाट समेत रजत पदक प्राप्त गर्नु भएको छ ।

एकै वर्षमा दुई साहित्यिक पुरस्कार (युवा वर्ष मोती पुरस्कार २०४४ र रत्नश्री सुवर्ण पदक २०४४) प्राप्त गरेर नेपाली साहित्य जगत्मा सुपरिचित हुनु भएको छ । विगत दुई दशकदेखि निरन्तर साहित्य–साधनामा आफ्ना अभिव्यक्तिहरू अभिव्यक्त गर्दै आउनु भएका कवि भावुक पटक्कै देखिनु हुन्न, बरू बोलक्कड, स्पष्टवादी हुनुहुन्छ । हाल उहाँ साहित्यिक पत्रकार संघको सभापति हुनु भएकोले यसै सन्दर्भमा मैले केही प्रश्नहरू उठाएको छु । सुनौं उहाँ के भन्नुहुन्छ:–

तपाईले साहित्यिक क्षेत्रमा कुन सालदेखि प्रवेश गर्नु भयो र तपाईलाई साहित्यिक क्षेत्रमा प्रवेश गर्नलाई कसरी प्रेरणा मिल्यो ?

याद भएसम्म विक्रम सम्वत् २०२४ सालदेखि मैले लेख्न थालेको हुँ, तर प्रकाशनको दृष्टिले चाहिं म विक्रम सम्वत् २०३७ सालदेखि मात्र प्रकाशमा आएको हुँ । जहाँसम्म प्रेरणाको प्रश्न छ– मलाई लाग्छ, मेरो पारिवारिक परिवेश, मैले पढ्ने मेरो स्कूलको वातावरण आदि सबै संभवतः मेरा लागि प्रेरक तत्व रहेका छन् । त्यसमा पनि प्रेरणाको जड पहिल्याउँदै जाँदा म मेरी मुमा, ठूलदाई र मेरो स्कूलको प्रधानाध्यापकलाई कदापी विर्सन सक्दिन ।

तपाईले कुन विधामा ज्यादा कलम चलाउनु भएको छ र तपाईलाई मन पर्ने विधाहरू कुन कुन हुन् ?

कविता मेरो प्रिय विधा हो र लेखनको रूपमा म कविता नै लेख्छु भनेर भन्न मन पराउँछु । त्यसो त मैले गीतहरू पनि लेखेको छु र ती प्रशारित पनि भएका छन् । साथै म कथा पनि लेख्छु र ती पनि प्रकाशमा आएका छन् । तापनि म कविता लेख्छु र कविता लेख्छु भनेर भन्न नै ज्यादा मन पराउँछु ।

नेपाली साहित्यमा तपाईलाई मन पर्ने लेखकहरू को को हुन् र विदेशी लेखकहरूमा तपाई कस-कसलाई मन पराउनु हुन्छ ?

मलाई मन पर्ने नेपाली साहित्यकारहरूको सूची लामो छ । किनभने विधागत र पिढीगत रूपमा म धेरै नेपाली लेखकहरूलाई मन पराउँछु; चाहे त्यो छन्दमा लेख्ने कवि दैवज्ञराज न्यौपाने होस् वा गद्यमा लेख्ने कवि दिनेश अधिकारी नै किन नहोस् । तसर्थ ती सबै लेखकहरूको नाम दिनु यो पहिलो भेटवार्तामै संभव नहोला कि ! जहाँसम्म विदेशी लेखकहरूको प्रश्न छ, मसँग कुनैपनि विदेशी साहित्यको गम्भीर र नियमित अध्ययन नभएकोले कसैको नाम उल्लेख गरिहाल्नु मनासिब लागेन ।

तपाईले २०४६ सालमा एकैपटक राष्ट्रिय स्तरका दुई पुरस्कारहरू क्रमशः रत्नश्री सुवर्ण पदक र युवा वर्ष मोती पुरस्कार पाउनु भयो । ती पुरस्कारहरू पाएपछि कस्तो अनुभूति गर्नुभयो ?

हर्ष लाग्नु स्वभाविक थियो र निःसन्देह हर्ष लाग्यो पनि । यस्ता पुरस्कारहरूले गरिआएको काममा हौसला त बढ्छ नै । किम्वा हौसलाका साथसाथै दायित्व पनि थपिन्छ जस्तो लाग्छ मलाई । यदि यो साँचो हो भने, ती दुई पुरस्कारहरू पाएपछि मलाई माथि भने झैं हौसला र दायित्वको एकसाथ अनुभूति भयो ।

नेपाली साहित्यको वर्तमान अवस्थालाई तपाई कसरी मूल्याङ्कन गर्नुहुन्छ र आजको साहित्यिक परिवेशबाट तपाई के अपेक्षा राख्नुहुन्छ ?

नेपाली साहित्यको वर्तमान अवस्था हिजोको भन्दा आज बढ्दै प्रज्वलित छ र निःसन्देह यो भोलि अरू बढी देदीप्यमान हुँदै जानेछ । यहाँ आशाका अनन्त टुसाहरू मौलाउँदै आएका छन् र कतिपय फाँटहरूमा त लालुगातेले अंकुर हाल्न थालेको पनि स्पष्ट देख्न सकिन्छ । यस्तोमा एउटा कविले के अपेक्षा गरिरहेको होला ? त्यो तपाई सहजै अनुमान लगाउन सक्नु हुन्छ । बस्, म पनि त्यही अपेक्षा गरेर बसिरहेको छु ।... सुखद र सफल भविष्य, .. उन्नत र सम्वृद्ध साहित्य ।...

तपाईं [illegible] साहित्यिक पत्रकार संघको सभापति [illegible] हुनुहुन्छ । त्यसकारण म साहित्यिक पत्रकार संघको बारेमा पनि प्रश्नहरू सोध्न चाहन्छु । कृपया [illegible] साहित्यिक पत्रकार संघको बारेमा केही [illegible] भिनु हुन्छ कि ?

साहित्यिक पत्रकार संघ श्री ५ को सरकारद्वारा [illegible] स्तरको एक गैर सरकारी साहित्यिक संस्था हो । [illegible] २०२९ सालमा स्थापित यस संस्थाले [illegible] कतिपय ऐतिहासिक एवं गौरवमय कार्यहरू [illegible] सार्थकता प्रमाणित गरिसकेको छ । [illegible] तीनै गतिशीलता र निरन्तर-ताले [illegible] यस संस्थाको आफ्नै केही चल तथा [illegible] पनि छन् । थोरै भएपनि नियमित [illegible] व्यवस्था छ । दैनिक रूपमा कार्यालय [illegible] । अधिराज्यका पाँच विकास क्षेत्रहरूमा [illegible] सम्पर्क समितिहरू छन् र ती पनि [illegible] क्षेत्रमा क्रियाशील देखिन्छन् । यस संस्थाले [illegible] उदारमना महानुभावहरूको सहयोगमा ६ वटा [illegible] साहित्यिक पुरस्कारहरूको स्थापना गरि-सकेको छ र ती सबै पुरस्कारहरू सालवसाली वितरण हुँदै आइरहेका छन् । साहित्यिक पत्रकारहरूले श्री ५ को सरकारबाट पाउनु पर्ने सुविधाहरूका सम्बन्धमा पनि यस संस्थाले संस्थागत रूपमा निरन्तर प्रयास गरिरहेको छ । बेला-बेलामा आयोजना गरिने गोष्ठी, अधिगोष्ठी, सम्मेलन आदि यसका नियमित कार्यक्रम-हरू हुन् ।

तपाईं साहित्यिक पत्रकार संघको सभापति हुनु भएको कति वर्ष भयो र यस अवधिमा तपाईंले के के काम गर्नुभयो ?

म साहित्यिक पत्रकार संघको सभापति भएको केवल दुई वर्ष मात्र भयो । तापनि साहित्यिक पत्रकार संघभित्र मेरो संलग्नता विगत आठ वर्षदेखि अर्थात् २०३८ सालदेखि छ । यस बीचमा मैले संघभित्र सदस्यदेखि उप-सभापतिसम्मका विभिन्न पदहरूमा रहेर काम गर्ने मौका पाएको थिएँ र ती दिनहरू मेरो मानस-पटलमा सदा सुखद स्मृतिको रूपमा अंकित भइरहेको छ ।

जहाँसम्म मैले सभापतिको रूपमा के के काम गरें भन्ने प्रश्न छ, त्यसमा प्रथमतः म के भन्न चाहन्छु भने कुनैपनि संस्थामा सभापति आफैमा केही होइन र सभापति एकलैले केही गर्ने प्रश्न पनि आउँदैन । संस्था भन्नासाथ त्यहाँ व्यक्तिको नभई टीम-वर्कको कुरा आउँछ र केही गर्ने वा नगर्ने भन्ने विषयमा पनि टीम-स्प्रिटको कुरा उठ्छ । त्यसो हुँदा के के काम गरें भनेर होइन कि मेरो सभापतित्वको कार्यकालमा के के काम भए भन्ने हिसाबले जवाफ दिन चाहन्छु । अन्यथा नमान्नु होला ।

वस्तुतः मेरो कार्यकालमा साहित्यित पत्रकार संघ-लाई गतिशील तुल्याउन मुख्य तीन नीतिहरू अपना-इएका थिए । ती हुन्–

१. संघको आन्तरिक सुव्यवस्था तथा विस्तार
२. साहित्यिक पत्रकारिताको क्षेत्रमा विद्यमान समस्या हरूको संकलन तथा निराकरणका लागि सम्बद्ध निकायसँग सम्पर्क
३. नियमित कार्यक्रमहरूको आयोजन

उल्लेखित तीनवटै नीतिहरूको कार्यान्वयनमा मेरो कार्यकालमा भएका विभिन्न ४५ वटा कार्यक्रमहरू मध्ये (क) संघको कार्यक्रमका लागि श्री ५ अधिराज-

कुमारको सवारी, (ख) सञ्चार मंत्रालयबाट नियमित आर्थिक अनुदान, (ग) शिक्षा मन्त्रालयबाट पुरस्कार (घ) पाँचै विकास क्षेत्रमा क्षेत्रीय समितिको गठन (ङ) श्री ५ को सरकार समक्ष प्रतिवेदन प्रस्तुत (च) संघको छैठौं पुरस्कारको रूपमा "हरिहर शास्त्री–सावित्रीदेवी साहित्य पुरस्कार"को स्थापना प्रमुख छन् ।

साहित्यिक पत्रकार संघको आगामी कार्यक्रमहरूका बारेमा केही बताई दिनुहुन्छ कि ?

निकट भविष्यमा नै यस संघको साधारण सभा बस्दैछ र नयाँ कार्य समितिको लागि निर्वाचन हुने कार्यक्रम पनि छ । त्यसो हुँदा हाललाई हामीसँग कुनै विशेष कार्यक्रमहरू छैनन् । तापनि अहिले संघको दैनिक कार्य सञ्चालन गरिरहनु परेको हुँदा हामी मूलतः श्री ५ को सरकार समक्ष संघद्वारा प्रस्तुत गरिएको प्रतिवेदनमा समाविष्ट बाँकी बूँदाहरूको कार्यान्वयनका लागि प्रयास गरिरहेका छौं ।

अब एउटा राजनीति सम्बन्धी प्रश्न गरूँ । तपाई साहित्य र राजनीतिलाई कसरी हेर्नुहुन्छ ?

मैले साहित्य र राजनीतिलाई दुई बेग्लाबेग्लै क्षेत्रको रूपमा स्वीकार गरेको छु । त्यसर्थ मेरो विचारमा साहित्यमा राजनीति आउनु हुँदैन र राजनीतिले पनि साहित्यलाई डोऱ्याउने दुस्साहस गर्नु हुँदैन । दुवै आ–आफ्नो ठाउँमा सम्मानित छन्, मर्यादित छन् । जहाँसम्म ती दुई बीचको तुलना छ, त्यसमा म राजनीति भन्दा साहित्यलाई श्रेयष्कर ठान्छु । किनभने राजनीति दलगत हुन्छ अर्थात् दलहितकारी, जबकि साहित्य लोकगत हुन्छ अर्थात् लोकहितकारी ।

अन्तमा तपाई नयाँ पिढीको लागि केही सन्देश दिन चाहनु हुन्छ कि ?

तपाईको यस प्रश्नले मलाई लोकोक्ति याद आयो– "प्रतीं र ओखती कहिल्यै मीठो हुँदैन" त्यसैले म नयाँ पिढीको लागि कुनै सन्देश दिन चाहन्न । त्यस माथि म आफू स्वयलाई नयाँ पिढीको लागि सन्देश दिन योग्य व्यक्तित्व पनि ठान्दिन । त्यसो हुँदा त झन् कुनै सन्देश दिइराख्नु नै परेन । बरू सोध्नु नै हुन्छ भने म तपाईलाई एउटा कुरा भन्न चाहन्छु त्यो के भने– "स्रष्टाहरू राष्ट्रका गहना हुन् तिनीहरूलाई सम्मान गरेर आफू स्वयं सम्मानित हुने गौरवबाट हामी वञ्चित नहौं ।"

बार्ताकार- **तारा कार्की**

On the Auspicious Occasion of the Birthday of
His Majesty the King
We offer our Warm Felicitation and Pray for
His Majesty's Long and Happy Life.

ALPINE TRAVEL SERVICE (Pvt.) Ltd.
DURBAR MARG, KATHMANDU,
Po. Box 1787 Tel. 4-10115, 2-25020

अचेल कस्तो ! सन्चै छ ?

मन त हो कहिले कही दुख्न सक्छ
रानु बिरानो जानेपछि मनसंगै तन गल्छ
धेरै भो, छोराको चिठी पत्र नआएको पनि
अचेल कस्तो ! सन्चै छ ?

अभाव

सबेरै चिनी बिनाको चिया पिएर
एक्लो शरीर
अलिकति मट्टितेलको लाइनमा उभ्याएर
अलिकति चिनीको लाममा बसेर
के खाएर काममा पुग्ने हो
त्यसकै चिन्तनमा व्यस्त हुँदै फर्कंदा
नजिकै उभिएका प्रधान बा हँसिलो मुखले सोध्छन्–
ओहो बाबु, अचेल कस्तो ! सन्चै छ ?

चाकडी

अलिकति काम नपुगेर होइन
अलि धेरै चाकडी नपुगेर
केही कोशेलीको व्यवस्था गर्न नसकेर
हाकिम रिसाएका मात्र होइनन्
वैयक्तिक विवरणमै कालो धब्बा लगाई दिएका छन्
काम गराउने आशामा
अड्डा आएका जनताहरू सोध्छन्
अचेल कस्तो ! सन्चै छ ?

खुसामद

सम्पादिकालाई भेट्न गएको
अर्का प्रेरणा प्राप्त पनि रहेछन् त्यहाँ
सम्पादिकाले उनलाई अमलेट र खजुरी, अनि
मलाई जाडोमै चिसो पानीले स्वागत गरिनु
धेरै बेर कुराकानी भो हामी तीनै जनामा
अर्का त निक्कै खप्पिस रहेछन्,
गफ छाड्न र यौनलिप्सा सुनाउन
धेरै पछि पत्रिका निस्कियो
उनका दुईवटा रचना छापिएछन् एकै अङ्कमा
मेरो भने रद्दीको टोकरीमा फालिएछ
बिना कुनै कारणमा
रचना फिर्ता मागेपछिको उनको आवाज थियो–
अचेल कस्तो ! सन्चै छ !

अवसर

दुई देशको सम्बन्ध बिग्रियो
हरेक क्षेत्रमा फाइदा लिने तांती लागिरहेछ
तर आफू भने उकालो लागौं कि ओह्रालो ओलिउँ
त्यसैमा दोमन भै रहेछ
अस्तिको चाउरे कान्छो
धुस डकार्दै चित्तवीरको नाममा सोध्छ
अचेल कस्तो ! सन्चै छ ?

–दामोदर पुडासैनी "किशोर"
जीतपुर फेदी, काठमाडौं

कथा

ढुङ्गे चउरकी बूढी बज्यै

—डा० मथुरा के. सी.

गोविन्द र विनय समवयस्क, समकक्षी साथीहरू थिए। उनीहरूको उमेर करिब ७–८ वर्षको हुँदो हो, दुवै बीच घनिष्ट मित्रता थियो। घर संगै थियो, घर नजिकै स्कूल। स्कूल संगै जान्थे र संगसंगै बस्ने गर्थे। उनीहरू बीच यति घनिष्ठता थियो कि हाफ छुट्टी तथा पुरै स्कूल छुटेपछि पनि संगसंगै हुन्थे। ४ बजे स्कूल सकी अनि (खाजा) खाई सकेर पुनः खेलहरू खेल्न स्कूल प्रांगणतिर लाग्थे।

पहाडी क्षेत्र, स्कूल डाँडा माथि थियो। स्कूलमुनि सलक्क परेको भिरालो चउर थियो। भिरालो चउरमुनि ठूला ठूला ढुङ्गे–ढुङ्गाहरू भएको सानो चउर थियो। त्यस ढुङ्गे चउरमुनि सानो रमणीय गाउँ थियो अनि गाउँमुनि थियो– उर्वरा खेतको रमाइलो फाँट।

हिउँद लागेपछि उनीहरू सुपालो या बाँसको कप्टेराको धुसुरी बनाई भिरालो चउरमा धुसुरी खेल्थे। धुसुरी खेली सकेपछि, ढुङ्गे चउरमा गई ठूल–ठूला ढुङ्गामाथि चढी तलको मनोहर गाउँ र फाँटको मनमोहक दृश्य हेरी रमाउँथे। कहिलेकाहीं अग्लो ढुङ्गा बाट हामफाल्ने र लुकामारी खेल पनि खेल्ने गर्दथे।

एकदिन सूर्यास्तको समय, चराचुरुङ्गीहरू पनि आ–आफ्नो गुडतिर फर्किरहेका थिए। बीच बाटोमा गोविन्द र विनयको एउटी बूढी आइमाईसँग जम्काभेट भयो। ती बूढी आइमाईको वेषभूषा साधारण गाउँले आइमाईको जस्तो थिएन। केश सेतै फुलेको थियो, गाला र निधारमा बुढौतीका चाउरी परेका निशानहरू स्पष्ट देखिन्थे, आश्चर्य लाग्दो एउटा कुरा के थियो भने, तिनी हाँस्दा ३२ वटै सेता दाँतहरू देखिन्थे। उनको हातमा फलफूल र मिठाइले भरिएको एउटा टोकरी थियो। तिनले– "म यस ढुङ्गे चउरकी बूढी बज्यै हूँ" भन्ने परिचय दिई गोविन्द र विनयलाई डोऱ्याएर एउटा अग्लो चुच्चे ढुङ्गानेर लगिन्। त्यहाँ पुग्दासाथ एउटा सुनौला ढोका देखियो। बूढी बज्यैले सुनको ढोका खोलिन् र दुवैलाई घरभित्र पस्न अनुरोध गरिन्। घरभित्र ठूला ठूला कोठाहरू थिए, ठाउँ–ठाउँमा मोमबत्तीहरू बालिएका थिए र चारैतिर सुनौलो प्रकाश छरिएको थियो। त्यो घरका फर्निचर, भाँडाकुँडा र लुगाफाटो पनि सबै सुनौला रंगका थिए।

बूढी बज्यैले तिनीहरूलाई, मिठाई, फलफूल खान

दिइन् र विदा हुने वेलामा भनिन्– "बाबु हो ! तिमीहरू मेरा नानीहरू जस्तै हौ, म तिमीहरूलाई अति नै माया गर्छु। दिनदिनै सूर्यास्त पछि यो ठूलो चुच्चे ढुङ्गामा आउने गर्नु, सुनौला ढोका आफै खुल्नेछ। म यस्तैगरी सधैं नै तिमीहरूलाई मीठा मीठा खाने कुराहरू दिनेछु। तर बाबु हो, यी कुरा तिमीहरू दुईजना बाहेक तेस्रो व्यक्तिले थाहा नपाओस। यदि भनिहाल्यौ भने तिमीहरू सिकिस्त बिरामी हुनेछौ र मर्नेछौ।

बूढी बज्यैले तिनीहरूलाई मोहनी नै लाई दिईन् क्यारे, प्रत्येक साँझ घाम डुबेपछि अग्लो चुच्चे ढुङ्गातिर आएर उभिन लागे। बूढी बज्यै आउँदा साथ सुनौला ढोका खुल्थ्यो, उनीहरू भित्र बसी मीठा मीठा खानेकुराहरू खाई घर फर्किन्थे। घरमा साँझको खाना खान पनि अस्वीकार गर्थे। सधैं घाम डुबेपछि त्यस ढुङ्गे चउरतिर जाने र ढिलो फर्किने, अनि घर फर्केर पनि साँझको खाना नखाएको थाहा पाएर गोविन्द र विनयका आमा–बाबुलाई ठूलो जिज्ञासाले सतायो। उनीहरूले सोध्न थाले– "तिमीहरू सधैं घाम डुबेपछि त्यस ढुंगे चउरतिर किन जाने गर्छौ ? साँझको वेला त्यतातिर जानु हुँदैन। त्यहाँ पुराना चिहानहरू छन्। भूतप्रेतको वास छ। त्यस क्षेत्रमा तर्साउला, डराउन देला, तिमीहरूको सातो जान सक्छ, अनि बिरामी भइन्छ।"

बिरामी भई मर्ने डरले उनीहरूले बूढी बज्यैसितको भेट बारे बताएनन्। तर सधैं नै उही क्रम देखेर एकदिन गोविन्दकी आमाले डर र धम्की देखाई सोधिन्। गोविन्दले जवाफ दियो– "केको भूतप्रेत हुने आमा, हामी घाम डुबेपछि सधैं ठूलो ढुंगातिर जान्छौं, एउटा सुनको ढोका खुल्छ अनि ढुंगे चउरकी बूढी बज्यैले हामीलाई सुनौला गुफाभित्र लग्छिन्, मीठा मीठा फलफूल र मीठाईहरू खान दिने गर्छिन्। हामी दिनहूँ जसो त्यहाँ जान्छौं, बूढी बज्यैले हामीलाई अति माया गर्छिन् तर यस्तो कुरा कसैलाई नभन्नु" भनेकी छन्। तपाईले ज्यादै सोध्नुभयो आमा, मन थाम्न सकिन, तपाईलाई भनिहालें। तपाई पनि त मलाई माया गरी मीठो–मीठो खानेकुराहरू दिनु हुन्छ नी, होइन आमा ? तर आमा ! यदि म बिरामी भई मरें भने नी ?"

गोविन्दकी आमाले ती सबै कुरा सुनेर भयभित भई आँखाभरि आँसु पार्दै भन्न थालिन्– "मेरो बाबु! गोविन्द, मेरो छोरा ! मेरो मुटुको टुक्रा ! त्यसो नभन बाबु ! भगवान्ले तिमीलाई लामो आयु दिउन्।" नभन्दै त्यस दिनदेखि गोविन्दलाई ज्वरो आयो, पेट दुख्यो अनि उल्टी शुरू हुन थाल्यो। गाउँको पेटारे लामालाई बोलाएर जन्तर–मन्तर गरे। विनयलाई पनि सोधपूछ गरियो तर उसले बिरामी हुने र मर्ने संत्रासले हो कि, बूढी बज्यैको भेट सम्बन्धी रहस्य खोलेन, पेटारे लामाले विनयलाई पनि मन्तर गरी एक जन्तर दियो।

तर जन्तर–मन्तरले गोविन्दलाई निको पारेन। उसले दुई दिनपछि घरमा रुवाबासी गराएर यस संसारदेखि विदा लियो।

घनिष्ट मित्र गोविन्दको मृत्युले विनयलाई ठूलो चोट पऱ्यो। पेटारे लामाको जन्तरले सायद विनयलाई ढुंगे चउरकी बूढी बज्यैको मोहनी शक्तिबाट विच्छेद गरायो क्यारे, पुनः सूर्यास्तपछि, ऊ ढुंगे चउरतिर खेल्न जान बन्द गरिदियो। तर ती रहस्यमयी बूढी बज्यैको सम्बन्धमा कसैले प्रश्न गरी हाल्यो भने अझै पनि विनयले 'थाहा छैन' भन्ने गर्छ।

हाल– **बन्दर अब्बास, इरान**

आमा !

कोमल हृदया ममतामयी
पवित्र, सुन्दर, विशाल आत्मा
आमा ! तिमी
सधैं रहन्छयौ सन्तानको चिन्तामा
सन्तानको सतत उन्नतीमा
कोखाई कोखाई भनी खाना खुवाउँछयौ
बगाई दिन्छयौ दूधको धारा
ताते ताते भनी हिंडाउँछयौ
तोते बोलीमै रमाउँछयौ
आमा ! तिमी
दया र मायाको सागर छयौ
अनन्त छयौ, महान् छयौ ।

—विष्णु प्रसाद भण्डारी
नयाँमील, रूपन्देही

अर्को व्यथा

कथा लेख्नै बाँकी थियो
अर्को व्यथा थपियो, त्यसमा ।
तीव्र धड्कनलाई अठ्याउँदै
बाँचिरहेछ, यस युगको अभागी ।
रित्तो भित्तामा गाडिएको आँखाले
हेरिरहेछ, अतीतको मिथ्याचित्र
अनि, काल्पनिक संसार ।
उनको मुखबाट निस्केको आवाजहरू
लाग्दथे, मधुर संगीत
अनि, बलियो आधार जस्तै ।
तर, आज ती आवाजहरू
लाग्छन् शहरको कोलाहल
अनि, भासिएको जमीन जस्तै ।

—यमबहादुर बुरा
लमजुङ, सिन्दुरे

पिरतीमा अल्झनेछु

सुनाखरी फुलिदियो गृष्म ऋतु आउँदा
पिरतीमा अल्झनेछु मायालुलाई पाउँदा ।

उपासंगै हिमालले सूर्य छुनुपर्छ
त्यागमा बाँच्न मायालुले स्वार्थ धुनुपर्छ
चञ्चल मेरो कलेजीमा नयाँ आशा आउँदा
पिरतीमा अल्झनेछु मायालुलाई पाउँदा ।

झर्ना भई यौवनसंगै बग्न मन लाग्छ
पानी बनी बादलु मै उड्न मन लाग्छ
माया गर्ने रहरहरू मुटुबाट आउँदा
पिरतीमा अल्झनेछु मायालुलाई पाउँदा ।

—नरेन्द्रराज प्रसाई

श्री ५ महाराजाधिराज सरकारको

४५ औं शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा

मौसूफ सरकारको

सुस्वास्थ्य एवं दीर्घायुको लागि

हार्दिक मङ्गलमय शुभ–कामना चढाउँदछौं ।

शाही औषधी लि.

परिवार

के तपाईलाई कहिल्यै अर्को वा अर्कीको इच्छा हुने गर्छ ?

–प्रतीक ढकाल

विवाहका बारेमा एउटा पुरानो भनाई छ– "श्रीमतीरूपी लड्डू जसले खान्छ त्यो पनि पछुताउँछ र जसले खाँदैन त्यो पनि पछुताउँछ।" तापनि मानिसहरूले विवाह गर्छन् । तर कसै–कसैलाई भने कहिले कहिले अर्कै साथीको चाहना हुने गर्दछ । यस प्रकारका चाहनाहरू हाम्रो देशका सामाजिक र नैतिक मूल्यका कारणले गर्दा प्रायः गरेर अव्यक्त नै रहने गर्दछन् । यति हुँदा हुँदै पनि कसैमा यस प्रकारको इच्छा जागृत हुन्छ भने पनि उसको यो इच्छाले परिपूर्णता प्राप्त गर्नेपर्छ भन्ने कुनै जरूरी छैन ।–

तर कतिपय ठाउँमा यस्ता पनि उदाहरणहरू पाइन्छन् जसमा पति र पत्नीका बीचको स्नेह र निष्ठाको यो बन्धन कमजोर हुन जान्छ र कहिले काहीं त यो सम्बन्ध नै टुट्ने स्थिति पनि आउन थाल्छ । यस अवस्थामा उनीहरू मध्ये कोही एकले लुकी लुकी वा मनमनै यस्तो पनि कल्पना गर्न थाल्दछन् कि– "अफशोच ! यो मान्छेको सट्टा मेरो जीवनमा अरू नै कोही भैदिएको भए ..." यही कल्पनालाई साकार रूप दिन उनीहरू मध्ये कोही एक (वा दुवै) ले घरको मर्यादाको सीमालाई नाघेर बाहिर आउने कोशिस गर्न थाल्दछन् ।

के तपाई आफैं पनि यस्तै मानिसहरू मध्ये एक हुनुहुन्छ ? के तपाई कसैसँग "अमर्यादित सम्बन्ध" स्थापना गर्न पनि सक्नुहुन्छ ? यदि यस सम्बन्धमा तपाई आफूले आफैलाई चिन्न चाहनु हुन्छ भने– आउनोस् तल दिएका हरेक प्रश्नको उत्तर एउटा छुट्टै कागजमा दिनोस् ।

प्र० (१) तपाई एउटा रंगीन टेलिभिजन किन्न चाहनु हुन्छ, तर तपाईसँग त्यसको लागि पूरा पैसा छैन भने–

(क) तपाईले तबसम्म बचत गर्नु हुनेछ, जबसम्म चाहे जति रकम जम्मा हुँदैन ।

(ख) आफ्नो महिनावारी आम्दानी र खर्चको हिसाब गरेर प्रति महीना कतिसम्म पैसा चुक्ता गर्न सकिन्छ भनी हिसाब निकालेर किस्तावन्दीमा किन्नु हुनेछ ।

(ग) "केही मतलब छैन, पछि तिरौंला" भन्ने सोचेर कसैसँग पैसा सापटी लिएर किन्नुहुन्छ ।

प्र० (२) यदि तपाईले ज्यादै महंगो साडी / सूट

किन्ने गर्नु भएको छ भने, के–

(क) आफ्नो पति / पत्नीलाई त्यसको सही मूल्य बताउनु हुन्छ ?

(ख) मनमुटाव होला भन्ने सोचेर साँचो कुरा भन्नु हुन्न ?

(ग) बिलकूलै सही बताउनु हुनेछ, किनकि तपाईले अरू नै कुनै कुरा गुप्त राख्न चाहनु भएको छ ?

प्र० (३) निम्न मध्ये तपाई कुन कुरामा बढी चिन्तित रहने गर्नु हुन्छ ?

(क) तलब / पेन्शनको रूपमा पाइने रकम

(ख) अर्कालाई तिर्नुपर्ने ऋण, बिल या उधारो

(ग) अब घुम्न जाने कुनै योजनाका लागि कसरी पैसा जुटाउने ?

प्र० (४) तपाईले कुनै एक ठाउँमा औसतन कति समयसम्म काम गर्नु भएको छ ?

(क) दुई वर्ष भन्दा कम

(ख) दुई वर्षदेखि पाँच वर्षको बीचमा

(ग) पाँच वर्षभन्दा बढी

प्र० (५) जब कसैले तपाईलाई अनौठो प्रकारको प्रश्न गर्छ भने, के तपाई–

(क) सर्माउनु हुन्छ वा तपाईका हातगोडा गल्दछन्?

(ख) कुनै न कुनै जवाफ दिन्छु भनेर सोच्नु हुन्छ, फेरि तुरुन्तै साँचो कुरा भनेमा कुनै हानी हुने हो कि भनेर झस्किनु हुन्छ ?

(ग) दृढ निर्णय लिएर आफूलाई बचाउँदै, त्यसलाई टारिदिनु हुन्छ ?

प्र० (६) तपाईले कुनै रातका लागि कुनै कार्यक्रम बनाउनु हुन्छ या कुनै खास कार्य गर्न चाहनु हुन्छ, तर त्यसो हुन सकेन भने, के तपाई–

(क) बेचैन बन्नुहुन्छ ? र के तपाईलाई यसका बारेमा कुनै मित्रसँग (फोनबाट) कुराकानी गर्ने इच्छा लाग्छ ?

(ख) शान्त नै रहनु हुन्छ र कुनै मन पर्ने पुस्तक, रेकर्ड या टेलिभिजन हेरेर आफ्नो मन बहलाउनु हुन्छ ?

(ग) दिग्दारी भैरहन्छ ?

प्र० (७) तपाईलाई तर्क गर्न कस्तो लाग्छ ?

(क) बडो उत्साहपूर्वक भाग लिनुहुन्छ ?

(ख) हैरानी लागेर आफ्नो धैर्य र संयम समेत गुमाउँदै जानुहुन्छ ?

(ग) तपाई झकिनु हुन्छ, किनकि तपाईलाई तर्क बितर्क मन पर्दैन ?

प्र० (८) **पुरुषका लागिः–** तपाई आफ्नो जन्म–दिनमा के उपहार लिन मन पराउनु हुन्छ ?

(क) दुर्बजनाले रातका निम्ति कतै गएर राम्रो खाना खाने योजना ?

(ख) आफूलाई काम लाग्ने वस्तुहरू जस्तै– कलम, टाई, घडी आदि ?

(ग) प्रेम गर्न नयाँ नयाँ तरिकाहरू सिकाउने कुनै पुस्तक ?

महिलाहरूका लागिः– तपाई आफ्नो जन्म दिनमा कस्तो उपहार लिन रूचाउनु हुन्छ ?

(क) गुलाफको फूलको एक ठूलो गुच्छा र एक शिशी सेन्ट ?

(ख) घरमा उपयोगी वस्तु जस्तै– प्रेसर कुकर, लुगा धुने मेशीन इत्यादि ?

(ग) निकै भड्किलो प्रकारको ब्रा या नाइटी ?

प्र० (९) तपाई कस्तो रेष्टुरांमा साँझ बिताउन

चाहनुहुन्छ ?

(क) खूब सजाइएको रेष्टुरां, जहाँ बसेर तपाईले त्यहाँ आउने जाने ठूला ठूला मान्छेहरू र "राम्रा राम्रा अनुहारहरू" लाई देख्न सक्नु हुनेछ ?

(ख) जहाँ सजावट कम भएपनि खाना राम्रो पाइयोस्?

(ग) शहरको कुनाको यस्तो रेष्टुरां जहाँ ज्यादै कम मान्छेहरू आउन् ?

प्र० (१०) यदि तपाईले आफ्नो जन्मदिन वा विवाहको वार्षिकोत्सव पति / पत्नीको अनुपस्थितिमा मनाउनु पन्यो भने के गर्नुहुन्छ ?

(क) एक्लै नै जन्मदिनको पार्टीको आयोजना गर्नु हुनेछ ?

(ख) पत्नी भए ओछ्यानमा पल्टेर सुँक्सुँकाई रहनु हुनेछ र पति महोदय भए कतै बाहिर निस्केर रक्सी पिउनु हुनेछ ?

(ग) तबसम्म मनाउनु हुने छैन, जबसम्म पति/पत्नी फर्केर घर आउनु हुने छैन ?

प्र० (११) के तपाई–

(क) एउटा शान्त जीवन बिताउन चाहनु हुन्छ ?

(ख) हरेक दिन एकै प्रकारले बिताउनु भन्दा कहिले काहीं कुनै अनोठो कुरा पनि चाहनु हुन्छ ?

(ग) हरेक दिनलाई नयाँ तरिकाबाट बिताउन चाहनु हुन्छ ? र पहिले नै कुनै निश्चित गर्न चाहनु हुन्न ?

प्र० (१२) पति / पत्नीसँग तपाईको शारीरिक सम्बन्ध कस्तो रहेको छ ?

(क) शुरू शुरूमा उत्तेजक, क्रमशः कम र अब कुनै नवीनता छैन ।

(ख) आजसम्म सधैं आनन्ददायक ?

(ग) असल जातको रक्सी झैं– जो जति पुरानो भो उति झन् झन् मजा दिने खालको छ ?

प्र० (१३) तपाई कहाँ बस्न रुचाउनु हुन्छ ?

(क) शहरको मुटुकै कुनै फ्लैटमा ?

(ख) शहर भन्दा बाहिर कुनै ठूलो घरमा ?

(ग) कुनै गाउँको खुल्ला घरमा ?

प्र० (१४) तपाईको कुनै रातको कुनै रोमाञ्चकारी कार्यक्रम अचानक रद्द हुन पुग्ने हो भने तपाई के सोच्नुहुन्छ ?

(क) साँझ सत्यानास भएर गयो– अब तपाईलाई केही पनि मन पर्दैन ?

(ख) दार्शनिक जस्तै भएर सोच्नु हुनेछ– "ठीक छ, अर्को पाली सही"

(ग) ज्यादै निराश बन्न पुग्नु हुन्छ ?

प्र० (१५) तपाई आफ्नो पति / पत्नीसँग कहाँ रमण गर्न चाहनुहुन्छ ?

(क) आफ्नो ओछ्यानमा ?

(ख) इच्छा भैसकेपछि जहाँ भए पनि ?

(ग) खूब सजाइएको उत्तेजक ओछ्यानमा ?

प्र० (१६) दशैं जस्तो चाड आउँदा तपाई के सोच्नुहुन्छ ?

(क) टाउकाले बेकारको खर्चको बोझ बोक्नु परिरहेछ,

(ख) घरपरिवारका सारा आफन्तसँग भेट गर्ने अवसर मिल्यो,

(ग) प्रेमी प्रेमिकाका लागि मजा लुट्ने विशेष दिन आयो ।

प्र० (१७) निम्न चिजहरूमध्ये तपाईलाई सबभन्दा बढी कुन चिज मन पर्छ ?

(क) पेस्ट्री

(ख) ताजा फलहरू

(ग) आइसक्रीम

प्र० (१८) यदि तपाईले अकस्मात आफ्नो बढुवा (पदोन्नति) भएको समाचार सुन्नुभयो भने, तपाईको पहिलो प्रतिक्रिया के हुनेछ ?

(क) "हो त, किन नहुने ?"

(ख) "मलाई अलिकति सोच्ने समय दिनोस्"

(ग) "के रे ? मलाई ?"

प्र० (१९) बच्चाहरूप्रति तपाई के सोच्नुहुन्छ ?

(क) तिनीहरूप्रति तपाईको ठूलो जिम्मेबारी छ,

(ख) तिनीहरूले तपाईलाई आनन्द प्रदान गरेका छन्,

(ग) तिनीहरूले तपाईलाई हैरान पारिरहेका छन् ।

प्र० (२०) के तपाईका माता पिताको बैवाहिक जीवन–

(क) सुखमय थियो ?

(ख) सुखमय थिएन ?

(ग) उनीहरूको सम्बन्ध विच्छेद भएको थियो वा उनीहरू अलग अलग बस्दथे ?

प्र० (२१) तपाईलाई कुनबेला आफ्नो पति/पत्नी-सँग रमण गर्ने इच्छा हुन्छ ?

(क) बिहानै ?

(ख) दिउँसो ?

(ग) राती ?

अब जोड्नुहोस् तपाईले कति अङ्क प्राप्त गर्नु भएछ । उत्तरको मान यस प्रकार छ:–

प्रश्न नं.	क	ख	ग
१	०	५	१०
२	०	५	१०
३	०	१०	५
४	१०	५	०
५	०	५	१०
६	०	५	१०
७	१०	५	०
८	१०	०	५
९	५	०	१०
१०	१०	०	५
११	०	५	१०
१२	१०	५	०
१३	१०	५	०
१४	५	१०	०
१५	०	१०	५
१६	१०	५	०
१७	०	५	१०
१८	१०	५	०
१९	०	५	१०
२०	०	५	१०
२१	०	१०	५

यदि तपाईले ० देखि ६५ सम्म अङ्क प्राप्त गर्नु भएको छ भने:–

तपाई कसैसँग पनि अनुचित सम्बन्ध राख्ने व्यक्ति हुनुहुन्न । आफ्नो यो स्वभावसँग तपाई आफैं पनि परिचित हुनुहुन्छ । अनैतिक सम्बन्धको रोमान्सप्रति तपाईलाई कुनै चासो छैन । यदि तपाईलाई आफ्नो पति / पत्नीको यस प्रकारको सम्बन्धका बारेमा थाहा भयो भने तपाईलाई ज्यादै नै आघात पर्नेछ र एक हप्ता भित्रैमा तपाईले आफूलाई बूढो सम्झन थाल्नु हुनेछ । साथीको यस प्रकारको दुर्व्यवहारको आघात-

को आँचमा बली बली तपाईको मृत्यु हुन समेत बेर छैन ।

त्यसैले यदि तपाई उच्च नैतिकता भएको पति/पत्नीको खोजीमा हुनुहुन्छ भने यो खोजीलाई जारी राख्नुहोस् । यदि तपाईलाई आफूप्रति निष्ठावान् पति/पत्नीको प्राप्ती भैसकेको छ भने यो सम्बन्धलाई मधुर बनाई राख्नोस् । साना तीना मनमुटावहरू त भै नै रहन्छन्– त्यसलाई वास्ता नगर्नोस् । तपाईको जीवन सुखमय रहनेछ ।

यदि तपाईले ७० देखि १४० सम्म अङ्क प्राप्त गर्नु भएको छ भनेः–

नयाँ प्रेमको उत्तेजक चाहनाले तपाईका पाइलाहरू डग्मगाउन सक्छन् । तपाईले कहिलेकाहीं अवश्यै यस्तो दृश्यको कल्पना गर्नुहुन्छ कि मोमबत्तीको मधुरो उज्यालोमा रक्सीको गिलास एउटा हातमा र अर्को हात एउटा जवान शरीरसँग बेरिएको होस् । पुरानो साथीसँगको दिक्दारीको अनुभूति र नयाँ साथीप्रतिको रोमान्सको चाहनाले तपाईलाई चिप्ल्याउन बेर छैन ।

त्यसैले तपाईलाई यही परामर्श छ कि– आफ्ना कल्पनाहरूलाई केवल आफ्नै मनभित्र मात्र सीमित राख्नोस् ।

यदि तपाईले १४५ देखि २१० सम्म अङ्क प्राप्त गर्नु भएको छ भनेः–

तपाईलाई सधैं रोमान्सको आवश्यकता महसूस भैरहनेछ किनकि तपाईको रचना नै यस प्रकारका सम्बन्धका लागि भएको छ । तपाई यस प्रकारका रोमान्सलाई आफ्नो दैनिक कार्यक्रमभित्रकै एक अंग सम्झनुहुन्छ । तपाई प्रायः गरेर सधैं प्रेम गर्न रुचाउनु हुन्छ तर कसैसँग पनि धेरै समयका लागि होइन । साथी रोज्ने काममा सावधान रहनोस् र विवाह गरेर घर बसाउन चाहने कसैसँग पनि यो घातक खेल नखेल्नु होला, नत्र तपाईको यस व्यवहारले उसको भावनामा ठेस लाग्नेछ । अथवा अरू कोहीबाट तपाई ज्यादै नराम्रो गरी पछारिनु हुनेछ र जीवनभरि त्यसैको मोहपाशमा पर्नु हुनेछ ।

साभार अनुवाद– **गृहशोभा**

On The Auspicious Occasion Of

His Majesty King

45th Birthday

We Humbly Offer Our Loyal Felicitations

Air Express Pvt. Ltd.

GSA Kuwait Airways
Po. Box No. 3263
Tel. No. 2-12121

GSA Saudi Airlines
Po. Box No. 3263
Tel. No. 2-14676

Kantipath Kathmandu Nepal

कविता

"यो कविता मेरो गायक साथीलाई"

शब्दहरूलाई स्वर प्रदान गर्न सक्यौ
जुनवेला शब्दहरू
तिम्रो स्वरको प्रतीक्षामा थिए
तिमीले शब्दहरू उठाउन सक्यौ
समय गीत बनेर धन्कियो ।
'एकलाशे यो जिन्दगी'
तरङ्ग...तरङ्गमा
मुटु झस्केको अवस्थालाई
अनौठो सोचाई संगसंगै
सिसाका टुक्राहरूमा
मान्छेको जिन्दगी फुटेको
भयानक गीत गाउँदा
कहाँ स्थिर थियो र मन ?
मेरो गायक साथी !
तिमी गाउँदै गयौ
म हराउँदै गएँ
तिम्रा स्वरहरूमा ।
बसरी मेरो गायक साथी !
प्रत्येक साँझ
मलाई झस्काउने गर्छ
कि, शब्दहरू लेख
मृत्यु अनिश्चित छ
जहिलेसुकै हुनसक्छ
मृत्यू अगाडि एउटा गीत लेख ।
ऊसँग गीतार छ
र आफै संगीत निकाल्छ
ऊसँग मादल छ
र आफै ताल मिलाउँछ
गुन्गुनाउँछ
फेरि गुन्गुनाउँछ
र उन्मुक्त स्वरमा
एउटा मर्मस्पर्शी गीत गाउँछ ।
मान्छेका मनहरू चर्केका छन्
मान्छेका मनहरू चर्केका छन्
धैर्यताको बिन्दुमा उभिएर ।
त्यसैले मेरो गायक साथी !
तिमी गीतार बजाउँदै गर
तिमी मादल धन्काउँदै गर
तिमी स्वर मिलाउँदै गर
म शब्दहरू लिएर आउनेछु
शायद,
यो गीत अझ राम्रो हुनेछ
विश्वास गर
म आउनेछु
अवश्य आउनेछु ।

–प्रकाश खतिवडा
बोया–८ (९), भोजपुर

महाकवि निराला – व्यक्तित्व र कृतित्व

–राम प्रसाद शर्मा

भूमिका– आधुनिक हिन्दी काव्यमा महाकवि सूर्यकान्त त्रिपाठी 'निराला' को विशिष्ट स्थान छ। आफ्नैपनमा निर्मित 'निराला' को व्यक्तित्व हिन्दी साहित्यमा नै एउटा नयाँ आयाम थपेको प्रतीत हुन्छ। प्रत्यक्ष वा अप्रत्यक्ष व्यवधानहरूलाई आफ्नै स्वभावजन्य निरालापनद्वारा आत्मसात् गरी आफ्नो लक्ष्य–पूर्तिमा अगाडि बढेका हुनाले नै समर्थक वा आलोचक दुवैका दृष्टिमा यिनी श्रद्धेय भएका छन्।

पृष्ठभूमि– हिन्दी साहित्यको ऐतिहासिक परम्परा युग नयुग एकहजार वर्ष पुरानो छ। सच्चा साहित्यकारले आफ्नो काव्य–कृतिको माध्यमबाट तत्कालीन युग वा समाजको यथातथ्य सिङ्गो रूपलाई प्रस्तुत गरेको हुन्छ। वस्तुतः कवि वा साहित्यकार त्यस युग र समाजकै एकाई हुन्छन्। वीरगाथाकाल, भक्तिकाल, रीतिकालका घुम्तीहरूलाई पार गर्दै हिन्दी साहित्यले उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर आधुनिकतामा प्रवेश गर्छ। वीरगाथाकालीन साहित्यले अन्तिम चरणतिर भक्तिभावको आभास दिएको हुन्छ, त्यस्तै भक्तिकालीन साहित्यको केन्द्रीय पक्ष पार–लौकिकता रहे पनि युग समाप्तितिर शृङ्गारी भावधारा (रीतिकालीन प्रवृत्ति) को आंशिक आभास व्यक्त गर्दछ। हिन्दी साहित्यमा रीतिकालीन साहित्यले दरबारियापनको भावधारालाई प्रतिबिम्बित गरेको छ।

आधुनिककाल– हिन्दी साहित्यमा आधुनिककालको थालनी मुख्यतः भारतेन्दुकालीन साहित्यबाटै प्रारम्भ हुन्छ। भाव, कला, विषयको सुपरिमार्जन एवं व्यापकता नै आधुनिक साहित्य हो र हिन्दी साहित्यको आधुनिककाल नै आधुनिक भारतको निर्मिती हो। कुनैपनि साहित्यको मूल्याङ्कन गर्दा तत्कालीन परिस्थिति– राजनीतिक, सामाजिक, आर्थिक एवं साहित्यक परिवेशमा नै आलोकन गर्नुपर्ने हुन्छ; यसो गर्दा साहित्य र साहित्यकार प्रति अन्याय हुँदैन। आधुनिक हिन्दी साहित्यको सन्दर्भमा– प्रथम र द्वितीय विश्वयुद्धको चपेटा, अंग्रेजहरूको विरुद्धमा विद्रोहात्मक भावना, गान्धीजीको सबल नेतृत्व, धार्मिक एवं सामाजिक संस्था र यसका अग्रणीहरूले धार्मिक र सामाजिक सुधारका लागि खेलेको महत्वपूर्ण भूमिका जसले गर्दा समग्र भारतीयहरूको मानसमा एकता र देशप्रेमको भित्ती निर्माण भएको हो। यिनै परि-

बेशमा साहित्यले आफ्नो बान्कीमा परिवर्तन गर्छ, जनताको सुख–दुःखको अभिव्यक्तिको माध्यम बन्छ, विश्व साहित्यसँग मितेरी लाउँछ, भाव–भाषा–शैली सबै पक्षमा परिवर्तन हुन्छ। गद्य साहित्यका विकासका साथ साथै खडी बोली एवं जनबोलीद्वारा जन–भावनाको मूक ध्वनि प्रस्फुटित हुन्छ। आधुनिक हिन्दी साहित्यमा भारतेन्दुकालीन, द्विवेदीकालीन र छायावादकालीन (स्वच्छन्दतावादी) साहित्यको ठूलो भूमिका छ। क्रमशः यी परिष्कार एवं प्रौढताका खुड्किलाहरू हुन्।

निराला– छायावादी साहित्यका प्रमुख स्तम्भ पन्त–प्रसाद–निराला हुन्, यसमा पनि निरालाको व्यक्तित्व आफ्नैपनको छ। समीक्षकहरूले छायावादी काव्य–जगत्मा 'प्रसाद'लाई ब्रह्मा, 'पन्त'लाई विष्णु र 'निराला'लाई शिव शंकरको रूपमा प्रतिष्ठापित गरेका छन् र यिनीहरूलाई 'बृहत्त्रयी' पनि भनिन्छ।

हिन्दी साहित्यमा 'निराला' शान्ति र क्रान्तिका मूर्तरूप जस्ता देखिन्छन्। महाकवि सूर्यकान्त त्रिपाठी 'निराला' ले (सन् १९१६–१९६१) लगभग ४५ वर्षसम्म काव्य–साधना गरेका छन्, यही साधनाले नै उनी अमर भएका हुन्।

व्यक्तित्व– बङ्गालको जन्म–भूमि र उत्तर प्रदेशको कर्म–भूमि भएका 'निराला'ले सानै उमेरदेखि नै कविता देवीको आराधना गर्दछन्। तीन वर्षको उमेरमा नै मातृ–ममताबाट वंचित, बेसालु जीवनमा नै पत्नी–स्नेहबाट दुर्दमनीय वियोग, परुष व्यक्तित्वका मूर्ति–पिताको निर्मम ताडना र समकालीन साहित्यकारहरूबाट उपेक्षाभाव यी तमाम कारणहरूले 'निराला'को हृदयमा विद्रोहको भाव जमेको थियो भने तात्कालीक परिस्थितिजन्य परिणामले समाजका उपेक्षित वर्गप्रति वस्तुगत रूपमै दयालुपनका मूर्ति पनि देखिए। यिनै परिवेशले 'निराला'को व्यक्तित्व सिर्जित भएको देखिन्छ। यिनले अद्वैततालाई केवल आध्यात्मिक दर्शनमा मात्र निहालेनन् अपितु यसलाई सामाजिक, आर्थिक, सांस्कृतिक ढाँचामा पनि ढाल्ने प्रयास गरे, परिणामतः यसको निचोड मानवतावादी दर्शन अर्थात्– राजा–रङ्क, ब्राह्मण–चमार सबै अद्वैत हुन् भन्ने अन्तर्निहित भावना थियो।

प्रभाव र काव्ययात्रा– निरालाको कोमल हृदयमा रवीन्द्रनाथ ठाकुरको रचनाले निकै प्रभाव पारेको थियो; यसैको प्रतिफल सिकारू अवस्थाका कविताहरू बंगाली भाषामा पाइन्छन्। 'निराला'कै आत्मोक्ति अनुसार यिनको खास काव्ययात्रा सन् १९१६ मा रचित 'जुही की कली' नामक कविताबाट प्रारम्भ हुन्छ। साहित्य र स्रष्टाका सम्मानका लागि 'निराला' ले ठूलो संघर्ष गर्नुपर्‍यो। राजनीतिले साहित्यलाई घटाटोप गर्न हुँदैन, राजनीति भन्दा साहित्य धेरै विशाल र उच्च छ; यसले मनुष्य भित्रको हित वा कल्याण गर्ने भावना राख्दछ भन्दै महात्मा गान्धी, नेहरू आदिसँग पनि यस विषयमा बकालत गर्दथे।

आन्दोलनको सूत्रपात– निरालाले तत्कालीन काव्यधारामा एउटा नयाँ क्रान्ति ल्याउने अठोट गरे, जसमा खडीबोलीलाई काव्योचित गरिमा प्रदान गर्नु र मुक्त छन्द एवं मुक्त गीतद्वारा शैलीगत नयाँ आयाम थप्नु मुख्य हुन्; परन्तु तात्कालीन साहित्यिक जमातका लागि यो नवीन मान्यता सह्य भएन। त्यस बेलाका प्रसिद्ध कवि महावीर प्रसाद द्विवेदी 'सरस्वती' साहित्यिक पत्रिकाका सम्पादक थिए। निरालाले

आफ्नो [illegible] कृति 'जुहीकी कली' सरस्वतीमा प्रकाशनार्थ पठाएका थिए परन्तु असन्तुलन छन्दको आरोपमा फिर्ता भयो । त्यसबेला परंपरागत शास्त्रीय शैली र नयाँ उन्मुक्त शैलीको बीचमा द्वन्द्वता थियो । नयाँ मूल्यको स्थापनामा धेरै व्यवधानहरू आउनु नैसर्गिक थियो । यसको प्रतिक्रिया स्वरूप निराला अझ बढी सक्रिय हुन्छन् । त्यसबेलासम्म यिनी सूर्य कुमार तेवारीका रूपमा थिए । एक पक्षले उपेक्षा गरेपनि अर्को पक्ष त्यस नयाँ मान्यताको सिरोपर गर्छ, यही मान्यता अनुसार निरालालाई पनि महादेव प्रसाद सेठले हार्दिक सहयोग गर्छन् । सेठजी 'मतवाला' पत्रिकाका सम्पादक थिए । यही पत्रिकाको माध्यम-बाटै निरालाले आफ्नो भाषा एवं शैलीको आन्दोलन-लाई तीव्र पारे । साहित्यिक नाम राख्ने मोहले 'मतवाला'को अनुप्रास साम्य 'निराला' सूर्यकान्त त्रिपाठी 'निराला'ले आफ्नो साहित्यिक नामको आफैले न्वारान गरे । केही समय 'समन्वय' पत्रिकाको सम्पादन कार्यमा जुटे, परन्तु उन्मुक्त भावना र सिद्धान्तका पक्षधर हुनाले निर्बाध रूपमा काव्यो-पासनामा तल्लीन रहे ।

काव्ययात्राका विभिन्न चरणहरू– निरालाको प्रतिभा र काव्यक्षेत्र बहुआयामिक छ तापनि यिनको काव्य-यात्राका चरणहरूलाई क्रमिक विकासका रूपमा निम्नानुसार विभाजन गर्न सकिन्छ ।

(क) विद्रोही व्यक्तित्व वा स्वच्छन्दतावादी (छाया-वादी) काव्यहरू

(ख) यथार्थवादी गद्य साहित्य

(ग) गीति रचना

छायावाद– आधुनिक हिन्दी साहित्यमा छायावादी साहित्य (स्वच्छन्दतावादको उत्कर्षता) एक प्रकारको आन्दोलन हो । यस आन्दोलनका प्रमुख व्यक्तिहरू पन्त–प्रसाद–निराला तीनजना भएपनि आन्दोलन सञ्चालनमा जुन बाधा–व्यवधान, मान–सम्मान आदि खेप्नुपर्छ त्यो जति 'निराला'ले भोग्नु बेहोर्नु पर्यो त्यत्ति अरूलाई परेन । छायावादबारे जति ध्वंसात्मक आलोचना भयो त्यत्ति नै प्रशंसात्मक गुणगान पनि ।

अंग्रेजी साहित्यमा अठारौं शताब्दीतिर शास्त्रीय काव्यधाराको विरोधमा– वैयक्तिकता, सूक्ष्मता, गीतात्मकता, प्रकृति प्रेम, रहस्यात्मकता, मानवता आदिका पक्षमा स्वच्छन्द रूपले अभिव्यक्ति प्रकट गर्ने जमर्कोका साथ जुन विद्रोही प्रतिधारा काव्यमा चलेको थियो त्यही नै **Romanticism** (स्वच्छन्दतावादी धारा) हो । हिन्दी साहित्यमा आफ्नै परिवेश र भाव सुहाउँदो बनाएर जुन प्रकारले प्रस्तुत गरियो त्यही नै हिन्दुस्तानी छायावादी आन्दोलन थियो । काव्य-जगत्मा प्रतीकात्मक शैली, लाक्षणिक एवं आलंकारिक प्रयोगलाई छायावादी साहित्यले मुख्य रूपमा आफ्नो अभिव्यक्तिको माध्यम बनायो । प्रतीकात्मक रहस्य एवं अध्यात्मवादी, रूढी एवं थोत्रो नैतिकताको विद्रोहजन्य आवाज मात्र हो भन्ने थुप्रै आलोचना छायावादीहरूले सहनु परे पनि यसलाई एउटा सम-सामयिक महत्वपूर्ण साहित्यिक आन्दोलन हो भनेर स्वीकार गर्ने पर्दछ । यसै क्रममा निरालाको 'परिमल' कविता संग्रहलाई छायावादको प्रतिनिधिमूलक कृति ठानिन्छ ।

कृतित्व– यिनका पद्यात्मक कृतिहरूका आकारका सन्दर्भमा २ पंक्तिका फुटकर कवितादेखि महाकाव्यो-चित गरिमालाई बोकेका प्रबन्धात्मक काव्यसम्म छन् ।

लोभ, लालच, दम्भ, इर्ष्याबाट माथि उठेका निरालाले स्वार्थसिद्धका लागि कहिले पनि हात पसारेनन्, उनको अहम्‌ताको शिर जहिले पनि ठाडो नै रह्यो। आफ्नो जीवनमा भोगेका घटनाक्रमबाटै काव्यको विषयवस्तु सिर्जेका छन्। कुल्लीभाट, सुकुलकी बीबी, चतुरी चमार, सरोज स्मृति, कुकूर भुत्ता, बिल्लेसुर बकरिहा, आदि यसका ज्वलन्त उदाहरण हुन्।

विषयका दृष्टिबाट निरालाका– आर्ष चिन्तन, राष्ट्रप्रेम, सामाजिक विषमता, राजनीतिक दाउपेच, प्राकृतिक चेत, दार्शनिक भाव, आदि पक्षहरू प्रस्तुत गरिएका महत्वपूर्ण कृति छन्।

बिधागत रूपमा– निरालाका कृतिहरू काव्य, उपन्यास, कथा, रेखाचित्र, निबन्ध, समालोचना, जीवनी, भाषा एवम् अनूदित साहित्यहरू पर्दछन्।

काव्यमा– 'अनामिका (प्रथम) प्रकाशनका दृष्टिले प्रथम कविता संग्रह भएता पनि यो अनुपलब्ध छ र यसका प्रायः सबै कविताहरू अन्य संग्रहहरूमा प्रकाशित भएका छन्। निरालाकै आत्मोक्ति र रचनाकालका दृष्टिले पनि 'परिमल' पहिलो रचना हो। यसमा निरालाले छन्दोबद्ध, मुक्त छन्द, स्वच्छन्द र प्रगीतहरूको सृष्टि गरेका छन्। यस संग्रहबाटै काव्यमा भाव र शिल्पगत विद्रोहको थालनी गर्दछन्। 'जुहीकी कली' निरालाको प्रथम कविता यही संग्रह भित्र पर्दछ।

स्वरहरू– यिनका काव्य-रचनामा पाइने स्वरहरूका सन्दर्भमा रहस्य औ आध्यात्मिकता पहिलो स्वर हो। स्वामी रामकृष्ण परमहंस र स्वामी विवेकानन्दको अद्वैतवादी दर्शनले निरालालाई ठूलो प्रभाव पारेको थियो। 'परिमल' कविता संग्रह भित्रका जुहीकी कली, तुम और मैं, सन्ध्या सुन्दरी, अधिवास, बादल राग आदि राम्रा उदाहरणीय कृति हुन्। काव्ययात्राको क्रमिक विकासको सन्दर्भमा 'गीतिका' दोस्रो कविता र गीत रचनाको संगालो हो। यसमा प्रेम र सौन्दर्यका स्वर लहरीहरू फुटेका छन्। सखी बसन्त आया, दृगोंकी कलियाँ नवल खुली, मौन रही हार प्रियाके प्रति जस्ता कृतिहरूले असरिरी प्रेम र दिव्य सौन्दर्य बारेमा सरसवाणी दिएका छन्। 'अनामिका' (द्वितीय) ज्यादै महत्वपूर्ण काव्यकृति हो यसमा 'रामकी शक्ति पूजा' आख्यानमूलक प्रबन्धात्मक काव्य पनि संग्रहित छ। प्रभावपूर्ण शैली, नाटकीय विशेषता, चारित्रिक उदात्तता, उद्देश्यमूलक, आख्यानात्मक कथावस्तु आदि विशेषताले गर्दा 'रामकी शक्तिपूजा' महाकाव्यको रूपमा प्रख्यात छ।

यसरी नै 'तुलसीदास', कुकूर भुत्ता, बेला, नये पत्ते, अपरा, कविश्री महत्वपूर्ण प्रकाशित काव्य कृति हुन्। परिमल, गीतिका, अणिमा, अर्चना, आराधना, गीतगुञ्ज चाहि गीतरचना र कविताका संगाला हुन्। 'सांध्य काकली' मरणोपरान्त प्रकाशित कृति हो। यी सम्पूर्ण काव्यकृतिहरूमा सामाजिक विसंगति माथि व्यंग्य, शाश्वत् मूल्य प्रति श्रद्धा, समाजका उपेक्षितवर्गहरूमाथि सहानुभूति व्यक्त गर्नुका साथै केन्द्रीय स्वरका रूपमा करूणा र मानवतावादी भावना तीव्रतर रूपमा रहेको देखिन्छ। काव्य जीवनको प्रतिस्थापनदेखि जीवनको अवसानसम्म निराला काव्य लेखन कार्यमा प्रवृत्त भई नै रहे।

जसरी पद्यमा निराला सशक्त थिए, त्यस्तै गद्य–विधाका प्रायः सबैजसो फाँटमा पनि उत्तिकै सक्रिय थिए।

उपन्यास र कथाका फाँटमा आएर निरालाले प्रवृत्तिगत हतुका कोल्टो फेर्छन् । विशेषतः यस फाँटमा निरालाको यथार्थवादी स्वर टङ्कारो रूपमा देखा पर्छ । उपन्यासमा– अप्सरा, अलका, प्रभावती, निरुपमा मुख्य हुन् । चोटीकी पकड, काले कारनामे चमेली, अधूरा उपन्यास हुन् । प्रतिभाको उद्दाम चरणमा निरालाको मानसिकता खब्मजिन्छ, जसले गर्दा यी अधूरा उपन्यास विशृङ्खलपूर्ण छन् । अनन्त कल्पना र चिन्तनका धनीहरूले आत्माभिव्यक्तिको वेगलाई समुचा रूपमा ओकल्न नसक्दा उनीहरूको मन-मस्तिष्क असन्तुलित हुन्छ, यस्तो रोगी अवस्थालाई अरूले पागल साहित्यकारको संज्ञा दिन्छन्, यही रोग निरालालाई पनि लागेको थियो ।

यी उपन्यासहरूमा ग्रामीण जीवनको सरल सामाजिक वातावरण, ठूलाबडाको निरीहमाथि अत्याचार, शोषकको यथार्थ चित्रण, नारी उत्थान, मानसिक द्वन्द्व, आदि विविध पक्षहरूलाई यथार्थ रूपमा पेश गरिएको छ । औपन्यासिक तत्वका हिसाबले पनि यी परिपुष्ट छन् ।

कथा (कहानी) का क्षेत्रमा– लिली, सुकुलकी बीबी, चतुरी चमार, सखी, देवी समेत जम्मा पाँच कहानी संग्रह प्रकाशित छन् । यी संग्रहहरूमा सामाजिक यथार्थता बोकेका घटना प्रधान कथाहरूले विधवा विवाह, अछूत समस्या, राजनीतिक दाउपेच, स्थूल र सूक्ष्म प्रेमका आख्यानहरू आदि पक्षको राम्रो प्रस्तुती गरेका छन् । कथा विधामा अनुभूति पक्ष भन्दा अभिव्यक्ति पक्ष शिथिल देखिन्छ । यिनीहरूमा सर्वोत्कृष्ट कथा संग्रह 'चतुरी चमार' हो । नितान्त यथार्थवादी चित्र 'कुल्लीभाट' र 'बिल्लेसुर बकरिहा' मा प्रस्तुत भएकाले समीक्षकहरूले यी दुई उपन्यासलाई रेखा चित्रका फाँटमा राखेका छन्; परन्तु औपन्यासिक तत्वले परिपुष्ट यी अति यथार्थवादी उपन्यास नै हुन् । सामाजिक अन्धो परम्परा ग्रामीण जीवनको यथार्थ रूपलाई अति सुन्दर व्यंग्यात्मक शैलीमा निरालाले प्रस्तुत गरेका छन् ।

निबन्धका क्षेत्रमा– 'प्रबन्ध पद्म' र 'प्रबन्ध प्रतिमा' विचारात्मक साहित्यिक निबन्ध भएको 'प्रबन्ध' भनी नामाकरण गरेका हुन सक्छन् । यसका विषय र शीर्षकहरूले पनि आत्मपरकतालाई भन्दा वस्तुपरकतालाई बढी प्रतिबिम्बित गर्छन् । 'चयन' विषय र शैलीका दृष्टिले निबन्ध भन्न सुहाउँदो छ । 'पन्त और पल्लव', 'चाबुक', 'रवीन्द्र कविता कानन' यी समीक्षात्मक लेखहरू हुन् ।

जीवनीका क्षेत्रमा– भक्त ध्रुव, भक्त प्रह्लाद, भीष्म, महाराणा प्रताप, परिव्राजक आदि हुन् । यिनीहरूका जीवनीले भारतीयहरूलाई सामाजिक आदर्श र कर्तव्य बोधको झलक देखाउने चेष्टा गरेका छन् ।

यसरी निरालाले भाषा, व्याकरणका अतिरिक्त अनूदित साहित्यद्वारा पनि हिन्दी साहित्यको निःस्वार्थ सेवा गरेका छन् । यिनका असंख्य कृतिहरू अलपत्र भए, कतिपय रचना अप्रकाशित नै छन् ।

गीतकार निराला– गीतात्मकता छायावादीहरूको महत्वपूर्ण पक्ष हो । यो नितान्त वैयक्तिक हुन्छ । हार्दिक कोमलताको वास्तविक रूप गीति रचनामा पाइन्छ । भित्र भित्रै अनुभूति पग्लिएर सरल भन्दा भाषामा गीत निःसृत हुन्छ । अर्थात्– गीति रचना भनेको कोमल भावना, सरस अभिव्यक्ति र सुमधुर

संगीतको समन्वित रूप हो । यसमा लयालुपन हुन्छ । बौद्धिकताको कसरतबाट गीत टप्किंदैन । गीति-रचनाको मर्म छिवोल्न पनि त्यसतिकै हृदयालु हुनुपर्छ उनी मात्र गीति-सरोवरमा डुबुल्की मार्न सकिन्छ । गीति रचना अन्तर्मुखी हुने हुनाले पाठकको अन्तर्मन स्पन्दन गराई सम्वेदनशील तुल्याई दिन्छ ।

'निराला' गीति रचनाका क्षेत्रमा अझ बढी पग्लिन सफल भएका छन् । आधुनिक साहित्यमा गीति-रचनाले महत्वपूर्ण स्थान ओगटेको छ । यो निराला-को नै मुख्य समर्पण हो ।

परिमल, गीतिका, अनामिका, अणिमा, अर्चना, आराधना, गीतगुञ्ज, कविता संग्रहका धेरै कविताहरू गीतात्मक छन् । निरालाका कविताहरू वर्ण-वृत्त हुन्छन् भने गीतहरू मात्रावृत्त । यिनका गीति-रचना-हरूले निम्न विषयहरूलाई सस्पर्श गरेका छन्- प्रेम वा रहस्य, राष्ट्रियता, शोक, सम्बोधन र व्यङ्ग्य ।

गीतिकामा पाइने गीतहरू प्रेम वा रहस्यात्मक छन्, यसमा निराला अलौकिक परमसत्ताको प्रेमी बनेका छन् । 'जागो फिर एक वार', 'भारती जय विजय करे', 'वर दे वीणा वादिनी' र 'सरस्वती वन्दना' जस्ता रचनाहरू राष्ट्रियतापूर्ण गीति रचना हुन् । शोक गीतलाई पश्चिमी साहित्यमा **Elegy** भनिन्छ । यसमा 'सरोज-स्मृति' पुत्री वियोगजन्य सन्तापले सिर्जिएको अत्वल विसिमको गीति रचना हो यो 'अनामिका' (द्वितीय) मा संकलित छ । यमुनाके प्रति, भिक्षुक, सन्ध्या सुन्दरी, खण्डहरके प्रति आदि सबोधन गीत हुन्, जसलाई अंग्रेजीमा **Ode** भनिन्छ जो 'परिमल' र 'अनामिका' मा सग्रहित छन् ।

यसरी निरालाका गीति रचनाले विषय एवं शैली-गत वैविध्यतालाई अंगालेका छन् ।

मूल्याङ्कन र उपसहार- व हेर्मुखी व्यक्तित्वमा जसरी निराला फक्कड, कठोर र वेपर्वाह देखिन्छन् त्यत्तिकै अन्तर्मुखी व्यक्तित्वमा अत्यन्त सहृदयी, उदारमनका र सुकोमल भावनाका धनी देखिन्छन् । आफ्ना कार्य-कालमा निरालाले जे जति दुःख कष्ट वेहोर्नुपऱ्यो त्यस मथाइबाट निकिलएका अनुपम कृतिहरूले आधुनिक हिन्दी साहित्य गौरवान्वित छ । डा. र.म विलास शर्माको- 'साहित्य साधना' (भाग १, २, ३) ले र निरालाका आत्मज रामकृष्ण त्रिपाठीको सम्पादनमा प्रकाशित 'निराला रचनावली' ८ खण्डले निरालाको वास्तविक मूल्यलाई उजागर गराई दिएको छ । 'निराला' निरालाको युगपछि मात्रै सबैका श्रद्धेय भए । आखिरमा व्यक्तिको महत्ता उसको अवसान पछि नै हुन्छ ।

अस्तु ।

श्री ५ महाराजाधिराज सरकारको

४५ औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा

मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि एवं चिरायुको कामना टक्याउँछौं ।

साझा यातायात परिवार

'हराए आफन्तहरू'

सभ्यताको उकालो उक्लने क्रममा
आफैलाई नहेरेर,
प्रतिस्पर्धामा लागे आफन्तहरू ।
हातमुख जोर्ने समस्यामा
कहिले स्वास्नीका गहना बेचेर,
कहिले बाबु बाजेकै पौरख बेचेर
संघर्षरत रहे आफन्तहरू ।
आफ्नो जन्मथलो,
स्वर्गीय आनन्दको गाउँ छाडेर
शहरिए ।
गाउँकै शुद्ध घ्यू र तेलका लागि
आदेश पत्रहरू पठाउन लाज नमानेर
खुबै सभ्य भए आफन्तहरू ।
मसँग भने, अब उनीहरूसँगको
नाता सम्बन्ध भन्दा
टिठ लाग्दो, दयनीय अनुहारको मायाँ बाँकी छ
उनीहरूको 'सभ्यता' माथिको,
उपहास मात्र बाँकी छ ।

–विनोद नेपाल 'वैगुनी'
पोखराथोक, पाल्पा
हाल– रा. बा. बैंक, गुलरिया बर्दिया ।

'प्रेमको हुरी'

अत्यासपूर्ण जिन्दगीको
अश्रु-जलबिन्दु बोकेर आँखामा
तिमी घायल भै बाँचिकी होलाऊ
के गर्नु... ...!
हुरी सह्यौ, आँधी सह्यो
मलाई थाहा छ ।
सहनुको नाममा बुद्ध बन्यौ
तैपनि तिम्रो जीवन एक–एक प्वालबाट
चुहुँदै गयो उठाउन सकिन ।
सतीदेवी झैं काँधबाट
अंग–अंग पतन भयो
भूल्न पनि सकिन ।
सत्यको व्यथा कठिन हुन्छ
यो सबै सत्य हो ।
त्यसैले अनेक यातना सहेर पनि
अझै हावा पानी भई बाँची रहे
म भोली उषाको मिरमिरेमा
आउनेछु तिम्रो सामु ।

–कुमार "विवश"
हाल– रा. बी. संस्थान

कथा

डेराको खोजीमा

–कमल ज्ञवाली

नेपालको राजधानी काठमाडौं शहर, जता हेऱ्यो उतै रमाइलो, बाटोमा गाडी कुदिरहेका छन् भने पेटीमा मानिसहरूको भिडभाड छ, त्यस्तै विभिन्न पोशाकमा मानिसहरू आफ्नै धुनमा घुमिरहेका छन् । यस्तो रमाइलो देख्न पाउँदा पहाडको कुनाबाट एक्कासी काठमाडौं आएको सरोजलाई कहीं स्वर्ग त आईंन भन्ने आशङ्का हुन्छ ।

रात्री बसबाट काठमाडौं आइपुगेको ऊ दिनभरी अफिसमा बिताएपछि उसलाई डेरा खोज्ने काम आवश्यक हुँदा रत्नपार्क तर्फ लाग्छ, रत्नपार्क पुग्दा कुनै मेला लागेको हो कि जस्तो लाग्छ उसलाई । एकछिन त्यहाँको चहलपहल हेरेपछि ऊ बागबजारतिर लाग्छ, एउटा घरमा पुगेर उसले सोध्छ– ए हजुर, यहाँ कोठा खाली होला ?

कतैबाट आवाज आउँछ– खाली छैन, तर उसले छैन भन्ने मानिस कतै पनि देख्दैन ।

एकछिन पछि उसले एउटी युवतीसँग सोध्छ– हजुर यहाँ कोठा खाली होला कि ? हेर्नुस् म भर्खर पहाडबाट आएको केही थाहा छैन, खाली भए दिनु-होस्न !

युवतीले भनिन्– पछोस् म मुमालाई सोध्छु ।

उसले केही भन्न नपाउँदै भित्रबाट निस्केर अधवैंसे आइमाइले सोधी– कहाँबाट आउनु भएको, अफिस कुन हो र तपाईंको नाम के हो ?

हजुर पहाडबाट आएको, हुलाकमा खर्दार छु, मेरो नाम हो– सरोज ।

'हुलाक...!' उसले नाक चेप्रयाउँदै भन्छे– छैन ।

यसरी सरोजले अरू ठाउँ पनि सोध्छ– तर कोठा पाउँदैन । उसको आँखामा नाक चेप्रयाउँदै छैन भन्ने अधवैंशेको दृश्य नाच्न थाल्छ । त्यो दिन ऊ लजमा सुत्छ ।

दोस्रो दिन, पुतली सडकको नल्लीभित्र पसी एउटा घरको गेटबाट चिच्याउँछ– ए हजुर, हजुर यहाँ डेरा पाइन्छ होला ?

घरको झ्यालको पर्दा उठाउँदै एउटी आइमाईले उसलाई भन्छे– कस्तो मानिस, यस्तो घरमा कोठा भाडामा दिंदैन भन्ने थाहा छैन ! पाछे कहाँको भन्दै पर्दा बन्द गरी भित्र जान्छे ।

'पाछे' भन्दा उसलाई रिस त उठेको हो तापनि डेरा खोज्नु आवश्यक भएकोले ऊ अघि बढ्छ, एउटा

घरमा कोठा प्रशस्त खाली देखिन्छन्, घर पनि ठीक लाग्छ । ऊ पहिले जस्तै चिच्याउँछ– हजुर, ए हजुर यहाँ कोठा खाली होला !

करिब चालीस वर्षको एउटा मानिस आएर उसको सबै परिचय लिन्छ र भन्छ– तपाईको विवाह भएको छ ? परिवार साथैमा छ ? सरोजले जवाफ दिन्छ– विवाह त गरेको छ हजुर, तर अहिले ल्याएको छैन, अनुकूल मिलेपछि ल्याउँछु, बरू एकपटक कोठा हेर्नुँ ।

ज्यालबाट हेरेर बसेकी घरवेटीकी छोरीले विवाह गरेको छु भनेको सुन्नेबित्तिकै जोडले ज्याल बन्द गरी भित्र पस्छे । घरपटीले पनि विवाह गरेकोलाई मेरो घरमा कोठा छैन भन्दै अन्यत्र जाने सल्लाह दिन्छ, सरोजलाई अर्को चोट पर्छ, काठमाडौंमा डेरा खोज्दा भन्ने के ? विवाह गरेको छु अथवा छैन ? सरोजले घडी हेर्छ– नौ बजिसकेकोले अफिस जानको लागि लजतिर लाग्छ, अनि खानपिन सकेर अफिसतिर ।

हुलाकमा जनसम्पर्क हुने हुँदा दिनभर जस्तो नै उसलाई फुर्सद हुँदैन, २ बजेपछि एउटा पत्र आउँछ, जसको उत्तर तुरुन्त दिनु भनी लेखिएको हुन्छ । गाउँमा तुरुन्त काम गर्ने बानी बसेकोले उसले चिठी तयार पारी दस्तखतको लागि हाकिमको कोठातिर जान्छ । हाकिमको कोठामा घुम्ने मेचले कोट लगाएको हुन्छ भने शिशावाल टेबुलले टोपी लगाएको हुन्छ । उसले घाममा मस्तसँग चुरोटको धुवाँ उठाउँदै गरेको पियनलाई सोध्छ– हाकिम साहेब कहाँ हुनुहुन्छ ? पियनले जवाफ दिन्छ– सवा दशतिरै निस्कनु भएको थियो, महाभारत हो कि रामायण भन्दै फोनमा कुरा गर्नुहुन्थ्यो, कहाँ हुनुहुन्छ, मलाई थाहा छैन, ४ बजे सम्म पनि आइँन भनें, कोट र टोपी घर पुऱ्याइदिनु भन्नु भएको थियो । सरोज निराश हुँदै भन्छ– यो पत्रको जवाफ आजै पठाउनु पर्ने, के गर्ने अब ? सरोजलाई आश्चर्य लाग्छ, अफिसको नियम देखेर । फेरि शङ्का उठाउँदै उसले सोध्छ– यहि बेलामा छड्के भयो भने के गर्ने नी ? "तपाई पनि कस्तो लाटो मानिस भन्या ! हाकिमलाई पनि कहिले छड्के हुन्छ र, मिटिङ्गमा गएको थिएँ भने त भइहाल्यो नि ! ठूलाबडालाई छड्के फड्के केही आउँदैन, तपाई हामी जस्तालाई मात्र छड्के हुन्छ" भन्दै, पियनले चुरोटको लामो सर्को तान्छ ।

पैसा जति लजमा जाने डरले ऊ अफिस समयपछि लजतर्फ नलागेर डिल्लीबजारतिर लाग्छ । २–४ घरमा सोध्दा पनि उसमा आशाको बिरुवा टुसाउन सक्दैन । घुम्दा, घुम्दै एउटा घरमा कोठा फेला पर्छ । प्रश्नको जवाफमा उसले पहिले जस्तै हुलाकको नाम लिन्छ । "बिजुली, टेलिफोन, खानेपानीतिर भए राम्रो हुने थियो हो कि बाबु ! यो कोठाको एडभान्स मिलिसकेको छ के गर्ने ! अरू खाली छैन" जवाफ मिल्छ उसलाई । सरोजले पुनः गल्ती दोहोरिएको कुरालाई महसूस गर्दै अगाडि बढ्छ, केही घर डुलेपछि एक घरमा पुगेर बाहिरबाटै ऊ चिच्याउँछ– ए हजुर यहाँ डेरा पाइन्छ कि ?

आफ्ना दुई छोरी र श्रीमतीका साथ बसेका घरपटी बूढाले सरोजलाई बोलाएर बस्ने मूढा दिन्छ । सरोज भर्खर पहाडबाट आएको हुँदा हट्टाकट्टा देखिन्थ्यो र चेहरा पनि मनमोहक थियो । बाबुआमाको आँखा छली छोरीहरू सरोजलाई हेर्दै थिए, सरोजलाई भने कोठाको आवश्यकताले गर्दा उनीहरूलाई हेर्ने फुर्सद थिएन ।

उसले सोध्छ– 'हजुर यहाँ कोठा पाइन्छ ?

घरपटीले– उसको गाउँ, ठाउँ सोध्दै गएर विवाह-को कुरा कोट्याउँछ, त्यसबेला सरोजलाई निकै अप-ठ्यारो पर्छ, के भन्ने भनेर। उसले मनमनै सोच्न थाल्छ, बिहे भएको छ भन्ने कि, छैन भन्ने ! के भनेर कोठा पाइन्छ, आखिर खाँचो त कोठा नै हो। त्यो घरपटीलाई ढाँटेरै भएपनि कोठा लिने निर्णय गर्छ। त्यसैबेला घरपटी बूढी बोल्छिन्– बाबुको अफिस कुन पर्‍यो कुन्नी ? सरोजले अब पहिले कुन प्रश्नको उत्तर दिने ? उसले पहिलो प्रश्नको उत्तर दिन्छ– अँ–हँ– हजुर भ-ए-को छैन। त्यसो भए जानुस्, मैले परिवार भएकोलाई बाहेक अरूलाई दिन सक्दिन। यो सुन्दा सरोजलाई आफूले झूटो बोलेकोमा निकै पश्चात्ताप पर्छ।

अन्तमा उसले छिडीको कोठा फेला पार्छ। वर्षामा चिसो र हिउँदमा धुलोको मुहान भएको त्यस कोठाको ढोका र शौचालयको ढोकाले आपसमा मितेरी लगा-एका थिए। त्यही भएपनि लिने निश्चय गरेर उसले कोठाको भाडा सोध्छ– घरपटीले जवाफ दिन्छ– "टपाईलाई कटी भनेर ल्याउँ, हेर्नुस् पहिले टीनसयमा बसेर ल्यायो, अहिले टपाई टीन सय पचास देऊ बस ! पानी, बिजुलीको मैले तिमीलाई दिनुस् भनेर ल्याउँदैन, मैले भनेको समयमा भाडा दियो र मैले भनेको मानेर ल्यायो भने कोठा छोडेर ल्याऊ भन्दैन।"

सरोजले गम्न थाल्छ– तलबको ठ्याक्कै आधा ! के खाने, के लाउने, घरमा बूढा भएका बाबु–आमा-लाई के पठाउने ? ऊ केही नबोली नियालो मुख लाएर फनक्क फर्कन्छ।

जुहाङ, गुल्मी

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

४५ औं शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा
मौसूफको सुस्वास्थ्य, दीर्घायु तथा
समृद्धिका निम्ति
परमेश्वरसंग
सभक्ति मंगलमय कामना गर्दछौं।

नेपाल राष्ट्र बैंक
परिवार

लघु-कथा

'जडवत'

–अनिल 'वेनामी'

'तैंले आज यी सबै काम सक्नै पर्छ" भन्दै फत्फताउँदै मालिक्नी एकछिन अघि भित्रिएकी थिई ।

ऊ लामो निश्वास फ्यांक्छे, मनमनै परेलीका समीप आएका आँसुका थोपाहरू कति चाँडै पिइसक्छे । ऊ प्रतिवाद गर्न सक्दिन । शिथिल भैदिन्छे, मूढ भइदिन्छे । मानौं उसँग प्रतिवाद गर्ने हक नै छैन, अथवा यसो भनूं– शब्द नै रित्तो छ । ऊ मूक बाँचिरहेकी छे, जडवत मेशिन भएर । ऊ मनभित्र कराउँछे, चिच्याउँछे । सब व्यर्थ । त्यो अव्यक्त प्रतिवादले कसैलाई रत्तिभर पनि असर गर्दैन । आफू माथिका व्यवहार र अभावहरूलाई ऊ अतिरन्जित पार्न सकिरहेकी छैन । मुखको धरातलबाट नराम्रोसँग चिप्लिएर उछिट्टिएकी र पीडाले रन्थनिएर लमतन्न परेकी छे ।

अहिले दिमाग रङ्मङ्गिएको छ उसको । चिट्चिट पसिना ओइरिन थाल्छन् र हात निधारमा लगेर पसिना पुच्छे । एकातिर जूठो भाँडोको थुप्रो लागेको छ, अर्कोतिर मैला कपडाहरूको डुङ्गुर छ । उ अत्तालिन्छे, भूईमा थचक्क बस्छे । टाउकोमा हात राखेर आफ्नो कर्मलाई धिक्कार्छे, थुक्छे । यत्तिकैमा मालिक्नीको आहट सुनिन्छ । उ झस्किन्छे, हत्तनपत्त सह्यालिन्छे र सुस्तरी जूठा भाँडाहरूको स्पर्श गर्छे ।

'अझसम्म छोएकी नै रैनछ ल ! कस्तो हेपेकी हैं ? तँलाई यस घरको भात बढी भयो ?' एक्कासी चर्को शब्द हुन्हुनिएर उसको मुटुमा हिर्काउन आइपुग्छ ।

मर्माहत हुन्छे, चल्न थालिसकेका हातहरू टक्क अडिन्छन् । जीवन क्लिष्ट अनुभव हुन्छ । एकछिन उसको दिमाग मालिक्नी र आफ्नो जीवनबारे विश्लेषणतिर बग्छ । मनमनै अट्टहास हाँस्छे र मुर्मुरिन्छे, भगवान्को चतिकला देखेर । कोही सम्पूर्ण, कोही विदिर्ण । यस्तै सोचाईमा डुब्दा डुब्दै फेरि प्रहार हुन्छ–

"कामै नगरी के सोचिरहेकी ? तँलाई त तँलाई ! भात नपचेको, ल खा" भन्दै जगल्टा समाएर लातैलात बसिन्छन् उसमाथि । तथापि; जडवत सहिदिन्छे । मालिक्नी भित्र पस्छिन् ।

ऊ कोलाहल मच्चाउँछे । सहस्र अश्रु खसाल्छे मात्र मनभित्र । यद्यपि, प्रत्यक्षतः उसमा कुनै प्रतिक्रिया हुँदैन, न रुनु, न कराउनु । यस्ता प्रहार धेरै सही सकेकी छे । यस्तो प्रक्रिया सततः बोकेकी छे । उसलाई यस्ता घटनाहरू सामान्य लाग्छन् । ऊ जडवत छे, अमूक छे । आफ्नो स्वत्वलाई जडवत भै बचाई राखेकी छे । मालिक्नीका कटुप्रहारहरू त्यसरी नै सुनिरहेकी छे, जसरी हिजो सुनिरहेकी थिई । सायद मृत्युपर्यन्त सुनिरहन्छे !

कलंकीस्थान, काठमाडौं ।

कविता

नौलो समाजको सिर्जना गर्न

[illegible]
एउटा मुर्दा–
जसको, [illegible] छ
चेतना हराइसकेको छ
रक्त सञ्चार बन्द भैसकेको छ
समष्टिमा,
एउटा हाड्हरूको कंकाल मात्र बाँकी रहेको छ ।
तैपनि मान्छे डराउँदै छन्
बाउँ बाउँमा सताउँछ कि भनेर ।
मान्छेले पूजा–आजा गर्दैछन्
बोल्नेहरू लाटा हुन्छन् कि भनेर ।
मान्छेले बली चढाउँदैछन्
हातमा पक्षाघात लाग्ला कि भनेर ।
के भन्नु र खै !
विश्वको इतिहासले प्रमाणित गरिसक्दा पनि
हाम्रा रूढीवादी मान्छे
मसानकै गुणगाथा गाइरहेछन्,
मसानका दलालहरू देखि डराएर,
आफूलाई शिकार बनाउँदै छन् ।
अनायास खोसेर लैजाँदा पनि,
अनेक यातनाहरू दिएको देख्दा देख्दै पनि
नामाहरू चुपचाप नै छन् ।

कहाँ गए तिनका मन्तरहरू ?
जसले मसानहरू पछार्न सकुन् ।
कहाँ गए तिनका बुटी र जन्तरहरू ?
जसले, मसानहरू भागा–भाग पार्न सकुन् ।
प्रत्येक मान्छे पोल्ने घाटहरूमा,
प्रत्येक मसानको साम्राज्य भएको ठाउँहरूमा,
झकाझक विद्युत्हरू झल्काउन सकुन् ।
प्रत्येक मान्छेका मस्तिष्कहरूमा–
चेतनाको प्रकाश छिराउन सकुन् ।

\+ \+ \+

ए ! यहाँ नौलो आह्वान आएको छ,
आऊ ए प्रत्येक क्षेत्रका लामाहरू !
आफ्ना मन्त्र–विद्याहरू बोकेर आऊ ।
आफ्ना शिष्यहरू लिएर आऊ,
आऊ कुटो र कोदालो बोकेर आऊ
एउटा मसानलाई दफनाउन
अनि, आगोका मुस्लाहरू बोकेर आऊ
एउटा मसानलाई दन्काउन ।
शान्तिपूर्ण समाजको विकास गर्न ।
नौलो समाजको सिर्जना गर्न ।

–यदु पन्थ
बलेटक्सार, गुल्मी

मुख्यकवि

–रामप्रसाद पन्त

उनीसँग मेरो पूर्व परिचय थिएन, नहुनुमा उनको गल्ती होइन । उनी रहेछन्– विगत पच्चीस वर्षदेखि कार्यरत मेरै कार्यालयका कर्मचारी । परिचित हुने मान्छेका विभिन्न बाटाहरू हुन्छन्, कुनै विषयमा दखल हुन्छ र उसको नाम विभिन्न सञ्चार माध्यमबाट जतातत्तै प्रसारित भएको हुन्छ । त्यसै प्रकार उनी पनि नामी रहेछन् कुनै विषयमा । जसको नाम औपचारिक रूपमा चर्चामा आएको रहेनछ । यसरी उनी कार्यालयको घेरा भित्र र आफन्तमा मात्र चर्चित हुन पुगेछन् । चानचुने व्यक्ति उनी थिएनन्, थिए– कुनै उपाधि प्राप्त व्यक्ति । जसबाट काषी कलम लिई रहनु पर्ने आवश्यक पर्दैन, सोचेर दिमाग खियाई रहने झन्झट पर्दैन, आफ्नो विषयमा दक्ष छन् उनी । धारा प्रवाही रूपमा उनको मौलिक प्रवाह छुटिरहेको हुन्छ । सोचाईमा उनी उडान भर्छन्, मन उनको निस्कपट हुन्छ । रोमाण्टिकता उनको लाक्षणिक गति हो, कल्पना उनको प्रमुख विशेषता । उनको बोली वायु गतिमा छुटिरहेको हुन्छ र ध्वनीमा टक्कर खाँदै अन्तरिक्षमा विलय हुन्छ । उनको लयात्मक शैलीले धेरैलाई मोहित गराई सकेको छ । त्यसैले श्रोताहरूले उनलाई पछ्याउँछन्, श्रवणेन्द्रीयद्वारा आनन्द लिन्छन् र हा हा र हु हु मा रमाउँछन् । उनमा कति पनि लोभ–लालच छैन, उनी उदार छन् । यस्तै रसास्वादन र मदविह्वलताको विलासिताले उनलाई डुबायो । उनको घरबार बिग्रयो र उनी गरीब भए । तैपनि उनलाई रत्तिभर चिन्ता छैन । उनीलाई त त्यसैमा आनन्द छ– कुनै ठाउँमा गोष्ठी जमाउनु, संसारिक जंजाललाई ठ्याम्मै बिसिदिनु, आनन्दमयी रसमा दुबुल्की मार्नु र निःशुल्क प्रस्फुरणद्वारा श्रोताहरूको वाह–वाहमा अलमस्त हुनु ।

कुरा के थियो भने– एकदिन मेरो टेलिफोनमा घण्टी बज्यो– किरिर्र । मैले रिसिभर उठाएर भने– हलो... १२६ । सोधियो– त्यहाँ पन्तजी हुनुहुन्छ । मैले जवाफ दिएँ– भन्नुस म बोल्दैछु । ए .. मलाई चिन्नु भयो त ! किन नचिन्नु, भन्नुस्– कसरी संझना भयो ? तपाईले जिल्लातिर जाने विचार गर्नु भएको थियो होईन ? 'हो, जाने होईन त ?' जाने, त्यसो भए भोली सातबजे यहाँ आई पुग्नुस हैत...? 'हुन्छ' ।

अर्को दिन म भ्रमणको लागि पूर्ण तैयारी गरी रवाना पूजि र केही जिम्मेवारीपूर्ण सामान लिन ठीक

समयमा सम्बन्धित ठाउँमा पुगें । म पुग्दा त्यहाँ हामीलाई बोकेर जाने मोटर बाहेक अरू कोही थिएन (हामी भन्नाले– मेरा एक सहयोगी र केही गार्डहरू), हामीले लाखौं रूपैयाँको जिम्मेवारी लिएर जानुपर्ने थियो । जाँदा आउँदा लाग्ने भँपरी खर्च र कागजी जिम्मेवारी नियमानुसार मैले लिनु पर्थ्यो ।

एकछिन पछि ड्राइभर र खलासी आए, अनि शस्त्रधारी गार्डहरू पनि देखा परे । त्यसको लगत्तै पछि मलाई जिम्मेवारी दिएर पठाउने हाकिम आई पुगे । तर मेरा सहयोगीको उपस्थिति अझ पनि भएन । आफ्ना सहयोगीसँग देखभेट र परिचय गर्ने उत्सुकता मलाई भै नै रह्यो । ड्राइभर रिसायो– "भरे कुनवेला पुग्ने ! साला, बाटामा किच-किच गऱ्यो भने त्यहीं ओरालेर छोडीदिन्छु ।" हाकिम बोलेका थिएनन्, आकृतिले बताउँथ्यो– उनी भित्र-भित्र रिसाएका थिए ।

त्यसैबेला अलिपरबाट लडखडाउँदो गतिमा एकजना मान्छे आयो । मैला र पुराना लुगा लगाएको त्यो मान्छे माथि सबैको ध्यान केन्द्रीत भयो । ड्राइवरले उन्मुक्त हाँसो हाँस्दै भन्यो– "साला जँडयाहा, एकाविहानै हेर .. ।" अरूले पनि उपेक्षित हाँसो हाँसे । उसको कुटिल गति देखेर मलाई पनि हाँसो लाग्यो । मैले निकर्यौल गर्न सकिन– त्यो कुन मान्छे हो ! तर दुईमध्ये एउटा हुनुपर्छ भन्ने मेरो अडकल थियो– अफिसको स्टाफ वा कसैको परिचित । त्यसो नभए कार्यालय समय अघि उसलाई कम्पाउण्ड भित्र पस्न दिइने थिएन ।

हामी छेउ आई पुगेपछिको उसको कुराकानीबाट मेरो उत्सुकता मेटियो । म आश्चर्यान्वित भएँ । उनी त मेरा सहयोगी पो रहेछन् । उनको त्यो चर्तिकला देखेर मलाई केही हाँसो र केही डर पनि लाग्यो । काले र लालेलाई चिन्न नसक्ने अवस्थामा पुगेका ती साथीको उपस्थितिमा केही बहुमूल्य वस्तु मलाई जिम्मा लगाइयो अनि सहयोगी साथीलाई दुईजनाले समातेर । मोटरको एक कुनामा अडेस लगाई बसालियो । उनी त्यहीं ढले । मेरो मुटु एकचोटी ढक्क फुल्यो । हाकिमसित कुरा गरें– कस्तो मान्छेलाई छान्नु भएछ तपाईले ! यस्तो जिम्मेवारी वहन गर्नुपर्ने काममा । उनले खिन्नता प्रकट गर्दै भने– मैले छानेको कहाँ हो र, आदेश त्यस्तै आयो । मैले छानेको त तपाईलाई । मलाई मनमनै हाँसो उठ्यो– आदेश ..! वा, कस्तो आदेश...!! ताताबाद र चाकरीवादको पछाडी राष्ट्रिय सम्पतिमा खेलवाड.....! हाकिमले मलाई सम्झाउँदै भने– पूर्ण जिम्मेवारी तपाईकै हो, ऊ त नाम मात्रको । दायाँ बायाँ गर्न लाग्यो भने आएर भन्नुहोला , तपाईको भनाईले मलाई पनि कुरा माथि पुऱ्याउन सजिलो हुनेछ । तर विश्वास पटक्कै नगर्नु होला, पछि धोका हुनेछ । त्यसपछि मोटर हिंड्यो ।

करिब दुईसय कि.मि. पार गरी सकेपछि साथी उठेर पानीको माग गरे ड्राइभरले पूर्व वाक्यमा दृढ रहेर मोटर हाँक्यो । धेरै हो-हल्ला हुन लागेपछि मोटर रोकियो । साथी ओर्लेर निर्धक्क पानी खाए । पिसाब फेर्न किन गएनन् भनेको त उनी बसमै निवृत्त भइ सकेका रहेछन् । त्यसबेला उनी लगभग पूरै होसमा आइसकेका थिए । उनी र म अघिपछिको सीटमा थियौं । मैले उनलाई केही प्रश्नहरू गरें । जीवनक्रमलाई उनले बिना अवरोध अगाडि बढाए– के छर जिन्दगी ! के लानु छ र मरेर ! म त मस्ताराम !!

मस्तारामको यस्तै हो– चौबिसै घण्टा मस्त रहनु। अफिस जाँदा पनि मलाई लगाएर जानुपर्छ तर धेरै भने होइन– झुम झुम झुम झुम . । मेरो स्थिति सबैलाई छ तर थाहा भएर के गर्ने ! पुरानो मान्छे भइयो, पच्चीसौं वर्षको । फेरि ठूला बडा सबै चिना जाना परे अफिसमा पनि कहाँ बसिरहने हो र एघार बजे पुग्यो, यताउता हल्लियो, चिया चमेना गऱ्यो, २–३ बजेतिर टाप । यसैगरी चलेकै छ भने बढी के टाउको दुखाउने !

उनले दुबै हात फैलाएर छाती पल्टाउँदै भने– हेर्नुस, म त सौखिन मान्छे । त्यसै भएर कैयौं सपती स्वाहा भयो, अझ पनि छ यो जावो तलब त मलाई ट्वाक लगाउन पनि पुग्दैन । केही नभएको भए चारवटा स्वास्नी र चारवटा छोराछोरी कसरी पालिन्थे ! चारवटा स्वास्नी... !! मैले हाँसै हाँसोमा प्रश्न गरें । ए... थाहा छैन तपाईलाई ! मेरी पहिलो स्वास्नीका चार छोराछोरी, त्यही हो, बिहा गरेर ल्याएकी, अरू सबै काजमा मिलेका ।

हाँसोको साथसाथै मलाई जिज्ञासा पनि उत्पन्न भयो । गार्डहरूले पनि मुख फर्काएर हाँसो थप्न थाले । उनी भन्दै गए– धादिङ्ग जाँदा एउटी ल्याएँ, स्याङजा जाँदा अर्की, हेलम्बुमा त सेर्पीनी नै भेट्टाएँ । अहिले मेरो घरमा चार जातका स्वास्नी छन् बुझ्नु भो ! यसपाली चान्स कस्तो पर्छ– अहिल्यै भन्न सकिन्न ।

के सबै एकै ठाउँमा छन् त ? मैले समुत्सुक भएर प्रश्न गरें । उनले मलाई नै उल्लु बनाउँदै भने– आफ्ना स्वास्नी पनि एकै ठाउँ नराखेर के तपाईको घरमा राख्ने त... ! एउटै घरमा– आफ्नै घरमा राख्ने त हो । सबै मेरै घरमा बस्छन्, खान्छन्, दिउँसोमा गलैंचा बुन्ने र धागो काल्ने काम गर्छन् । साँझमा जम्मा हुन्छन्, अलि अलि ठर्रा लगाउँछन्, हाँस्छन्, गीत गाउँछन्, म नाच्छु– झुम बराबर घुम सराबी..... ।

हाम्रो हाँसोको फोहरा छुटीहाल्यो । हामी पेट मिची मिची हाँस्यौं । उनी भन्दै गए– जातको त म पश्चिमे बाहुन, 'पन्त, भनेपछि तपाई पनि पश्चिमे नै होला । पहिली स्वास्नी बाहुनी हो, मेरो कुल घरान ठूलो छ । म मात्र सौखिन भएर बिग्रें, तैपनि मलाई चिन्ता छैन । मौकामा मोज गरिएन भने कहिले गर्ने! बुढेसकालमा यो आनन्द लिउँ भनेर पाइन्छ र ! पत्याउँछ नै कसले !

गफको सूरमा उनले आँखा यताउता घुमाउँदै भने– एकसर्को लगाउँ, खै कता गएछ मेरो झोला ? हामीहरूले एकै स्वरमा भन्यौं– तपाई अफिस पुग्दा रित्तै हुनुहुन्थ्यो । अनि उनले सम्झे– लौजा .. भोटेनीकै भट्टिमा छोड्यो क्यारे !

के के थियो ! फेरि मिल्छ कि मिल्दैन ! हामी थकथक्यायौं, जेडपाहा गतिविधिलाई संझेर हाँस्यौं पनि । अलिकति गाँजाको धुलो थियो– उनले भने । 'अरू के के थियो ?' 'अरू त के हुनु, एकसरो लुगा त हो, देब्रोस नदेब्रोस त्यसको के चिन्ता, अहिले पो एक सुल्फा लगाउन पाइएन र फसाद पऱ्यो ।' उनको बेवास्ता प्रति हामीलाई हाँसो लाग्यो ।

भट्टीको नाम लिनासाथ उनले अरू कुरा बिसेर भोटेनीकी छोरीको प्रशंसा गर्न लागे– कस्तो मजाकी छ यार, कस्ती हँसिली, कस्ती फरासिली, दुनियाँलाई लोभ्याएकी छ पट्ठिले । मलाई पनि त्यहाँ छोडेर जाँड खान अन्त जानै मन लाग्दैन । उसको मुख हेरेपछि

एकघुटको बढी जान्छ । हिड भनेको मानेकी छैन, माया त खुब गर्छे । के पुगेन ! के ल्याउँ ! कसो गरूँ ! एकदिन गएन भने किन नआएको ! सन्को भएन कि ! के गर्ने यार...! कसरी भुल्ने...!

उनी एकछिन कल्पीत आनन्दमा डुबे । उनको चेहरामा रंगमञ्चिएको मुग्धतालाई देखेर हामी एक पटक हाँस्यौं । त्यस्तो चाख लाग्दो विषय पाएपछि गार्डहरूले भोटेनीको बारेमा अरू प्रश्नहरू गरे । उनले केही अश्लील शब्द प्रयोग गर्दै गोप्यता भङ्ग गरे– त्यहाँ एकचोटी फेरि बम घन्क्यो ।

त्यसपछि उनले आफ्नो प्रशंसालाई अगाडि बढाए– हेर्नुस्, बोलेर मान्छेलाई हात लिने शक्ति ममा छ । म दोलखा जाँदा ताल यही हो क्यारे, पैसा सकियो । अब के गर्ने ? एउटा घरमा बच्चा धेरै दिनदेखि पेट दुखेर आत्तिएको रहेछ । एउटा बुद्धि निकालेर म त्यो घरमा पुगें, अनि झोलाबाट एउटा काठको टुक्रा निकालेर देखाउँदै भने– "यसलाई तीनघण्टा पानीमा भिजाएर तीन चोटीसम्म पानी खाने हो भने पेट सम्बन्धी जस्तै बिमार पनि चट.. । मैले यो बूटीबाट हजारौं जनालाई निको पारी सकें ।" बच्चाका बाबु– आमाले पत्यार गरे । साँझ र अर्को दिन बिहान दुई चोटी खाँदा साथ पेट दुखाई त निक्कै कम भयो । बच्चाले भात खाने खेल्ने गर्न लाग्यो । म आफै छक्क परें । बूढा–बूढीको त झन् के कुरा गर्नु उनीहरूमा खुशीको सीमा रहेन । मैले आफ्नो मनखुशी मीठो–मीठो खाना खाएर पैसा समेत पाएँ । म हिड्ने बेलामा उनीहरूले अनुरोध गरे– 'हजुरको घरमा त यस्ता बूटी अरू पनि होलान्, बरू कति पर्छ हामी टक्याउँछौं– त्यो यहीं छोडेर जानुस् ।' त्यसपछि त मेरो भाउ झन् आकाशियो । मैले बूटी बहुमूल्य भएको कुरा बताएँ । उनीहरूले हात जोडेर विनम्रता प्रकट गरे । त्यो बूटी घरमा ल्याउन त मलाई पनि मन थियो तर– सय रुपैयाँको नोट देखेपछि मलाई लोभ लाग्यो । त्यो बूटी के थियो मलाई थाहा थिएन र छैन पनि । बनबाट एउटा सुकेको काठ टिपेर लगेको थिएँ ।

उनको यस्तो चमत्कारिक क्रियाकलापलाई सुन्दा हाँसो नलाग्ने त कुरै भएन, साथ साथै त्यो सुन्याई देखेर हामी तंभित पनि भयौं । उस्तै बूटीको रस खाएर– बच्चा परमधाम भएको भए..... !!

त्यसपछि उनले आफू संगीतज्ञ भएको दावी गर्दै कुरा अगाडि बढाए– मैले गीत बनाई सुरीलो र मीठो स्वरमा गाउन पनि सक्छु, अर्को कुरा मैले मीठा-मीठा मुक्तक लेख्न र सुनाउन सक्छु ।

त्यो सुनेर गार्डहरूले उल्क्याउँदै गीत गाउन लगाए । उनले मायाप्रीतिका केही रसिक गीत गाए । गार्डहरूले उडन्ते र उपेछित स्वरमा ताली पिटेर वाह... वाह... गरे । बसमा एकछिन होहल्ला फैलियो । मलाई भने मुक्तक सुन्ने इच्छा थियो । उनले मेरो अनुरोधलाई पनि नकारेनन् । जाँडरक्सीमा कत्तिको आनन्द छ, त्यसै विषयमा केही मुक्तक सुनाए, जसमध्ये १–२ मुक्तक मार्मिक पनि थिए ।

मेरो केही प्रश्नहरूको उत्तरमा उनले आफ्नो जीवन इतिहास बताए । दशौं वर्षको कोगीरे अवधिमा पनि मैले उनलाई चिन्न सकेको रहेनछु । उनी त नयाँ उपाधिले विभूषित कवि पो रहेछन् । जो आजसम्म नामाकरण नभएको कतै नसुनिएको अफिसको विख्यात उपाधि– मुख्यकवि ।

कविजीले व्यक्तिगत अध्यायको रोचक प्रसंगलाई लगभग सकेर पच्चीस वर्षे अफिसको सम्बन्धतिर ध्यान मोड्दै थिए । त्यो पनि उस्तै सारगर्भित थियो होला । तर मोटरको गति हाम्रो यात्राको निश्चित स्थानमा पुगिसकेको रहेछ ।

डिल्लीबजार

चेतना गुलाब होइन

घाम जतिकै प्रष्ट दर्शनको खोजीमा
लाग्नुको अर्थ–
बुझ्न सकिने दर्शनको खोजीमा लाग्नु हो
झटारो कसैलाई पनि कसैले हिर्काउन सकिन्छ
लाज पचाउनु पर्छ
समस्याबाट टाउको पनि लुकाउन सकिन्छ
बुझ पचाउनु पर्छ
सुतुरमुर्ग पनि त.....
आफ्नै सोचाई र जिजीविषामा नै बाँच्ने गर्छ
कष्टदायी जीवन कसैले पनि त
त्यसै सजिलै रोज्दैन
आलटाल गर्नु पनि व्यर्थै हो
गन्तव्यमा पुग्न नींदलाई बिछौनामा सजाएर हुँदैन
चेतना पनि त एक किसिमको दर्शन नै हो
कसैलाई पोल्न सक्छ,
कसैको लागि जुग–जुग हुन सक्छ
कसै–कसैले त कसिगर जस्तै कुचो लगाउन सक्छ
सूर्यलाई हत्केलाले छेक्न खोज्ने कल्पना
पागलको मात्र होइन
उच्च मस्तिष्क कल्पने दिग्गजले पनि सोच्न सक्छ
चेतना फूलबारीमा फुल्ने गुलाब होइन
माटोको अस्तित्वसँग उसको सीमा नाप्नु पनि त व्यर्थै हो।
कपटपूर्ण स्वार्थन्धताको मनस्थिति बोक्नेहरूका लागि
चेतना पनि त आगो जस्तै पोल्ने वस्तु हुन सक्छ
सडेको विचार छातीमा टाँसेर जीवन बचाउन गाह्रो हुन्छ
मानसिक दरिद्रता ज्यादै डरलाग्दो खराब रोग हो
मसलाई छेक्न र रोक्न सूर्य–किरण जस्तै चोखो
घाम नै चाहिन्छ।

–मोहन दुवाल
बनेपा

माटो

माटो,
मात्र कोदालोमा अनुबन्ध हुँदैन
आफ्नै सुरक्षाको निम्ति
बन्दुक बोक्ने गर
माटो हाँस्नेछ तिम्रा कर्ममा
सृजनशील कलमहरूबाट
छेड, युद्ध संरचनाको
मित्रताको चोखो हात हल्लाइमा
माटो गर्वले फर्किने गर्छ
उच्छवास राष्ट्रियताको
जब–जब नेपाली मुटुबाट
ओइरिनेछ माटोका ज्यानहरूमा
माटो यसरी नाच्नेछ
कि माटो मान्छेको मनभन्दा
निकै भरपर्दो र आफन्त हुनेछ
माटो यति शाश्वत हुन्छ
कि कहिल्यै पनि माटोले
आफ्नो धर्म छाड्दैन
बुद्ध रोप माटोमा
झुक्किएर पनि कहिल्यै
संहारको युद्ध पलाउन्न
विसँर मान्छेका विरुद्ध
माटोले कहिल्यै इमान छाड्दैन
र, नेपाली हुनु नै
माटोको अमिट नाता हो
जो माटोमा उद्भासित हुँदै
माटोमै उत्सर्जन हुन्छ।

–मुरारी पराजुली
करहिया–८
मणिग्राम, रुपन्देही

फ्रेञ्च-कथा

दुइजना साथीहरू

—गेडे मोपासान्ट

जनवरीको पारीलो घाम लागेको दिनमा महोदय मोरीसट दिक्दारी भएर हिंडिरहेको थियो । उसको व्यापार घडी बनाउने थियो, तर मौका पाए मूर्तिहरू बनाउने इच्छा थियो । उसका हातहरू अहिले पाइन्टको खल्तीमा थिए, उसको पेट खाली थियो । ऊ साथीलाई अभिवादन गर्न रोकियो– जस्को नाम महोदय साउवेज थियो । उनीहरूको चिनजान नदीको तीरमा भएको थियो ।

हरेक आइतबार दिउँसो मोरीसट एउटा बाँसका लट्ठी र एउटा टीन लिएर नदी तर्फ हिंड्ने गर्थ्यो । लडाई अगाडी उसले कोलम्बस जानको लागि एउटा रेल लियो । त्यहाँबाट पनि उसलाई मरेन्ट टापूमा जानु थियो । त्यो ठाउँमा पुगेर उसले रातीसम्म माछा मान्यो ।

हरेक आइतबार महोदय साउवेज पनि त्यहाँ हुन्थ्यो । उसले रीउ नोट्रे डेम डे लोरेटमा कपडाहरूको व्यापार गर्थ्यो । ऊ पनि मोरीसट जस्तै माछा मार्नेमा शौकीन थियो । उनीहरू संगसंगै माछा मार्ने जालो हातमा लिएर माछा मार्थे । उनीहरूका खुट्टा पानीमा डुबेका हुन्थे । यसरी उनीहरूले हरेक आइतबार संगै बिताउँथे । उनीहरूको मित्रता गहिरो थियो ।

बसन्त ऋतुको बिहानीमा जवानीपूर्ण सूर्यले दुईजना माछा मार्ने शौकीनहरूलाई गर्मी प्रदान गरिरहेको थियो । त्यतिबेला नदीको सतहबाट आगोको ज्वाला जस्तो माथि उठ्यो र फेरि नदी सतहमै झऱ्यो । यो के भएको हो ? मोरिसटले सोध्यो । साउवेजले जवाफ दियो– यस बारेमा मलाई केही थाहा छैन ।

शरद ऋतुको समय थियो । सूर्यको लाली रातो भएर अस्तायो त्यतिबेला बादलको छाया पानीमा देखिदा पूरा क्षितिज एउटा आगोको ज्वाला जस्तो देखियो । त्यसपछि साउवेजले मोरीसटसँग भन्यो– क्या स्वर्ग जस्तो सुन्दर । मोरीसटले जवाफमा भन्यो– शहर भन्दा धेरै सुन्दर !

तिनीहरूले सडकमा पनि बलियोसँग हात समातेर हिंड्थे । साउवेज भन्ने गर्थ्यो– "कस्तो समयमा हामी हुक्यौं" ! मोरीसट पनि भावुक भएर जवाफ दिन्थ्यो– "यो कस्तो मौसम हो ! हाम्रो लागि यो वर्षमा आजको दिन विशेष रमाइलो भयो ।"

आकाश साँच्चै नीलो र पूरा उज्यालो थियो ।

तिनीहरू संगसंगै दिक्दारी र चिन्तनशील भएर हिंडिरहेका थिए । मोरीसटले भन्यो– हामीले माछा मार्ने अभियान सधै सम्झिरहन्छौं । साउवेजले भन्यो– हामी फेरि फेरि पनि यसै क्रमसँग सहयोग गरौंला ।

तिनीहरू एउटा क्याफ्टेरिया भित्र पसे र फेरि निस्के । अकस्मात मोरीसट रोकिएर भन्यो– "अर्को-पल्ट सहयात्रा कसरी गर्ने !" साउवेजले भन्यो– म त्यस्तो सकुचित विचार गर्दिन । तिनीहरू फेरि अर्को क्याफ्टेरीया भित्र पसे ।

तिनीहरूले खाली पेटमा अल्कोहल पिएर बाहिर निस्के । एकले अर्कालाई सोध्यो– फेरि माछा मार्न जाने हो ? अर्कोले भन्यो– तर कहाँ जाने, हाम्रो सधैंको ठाउँमा ?

एक घण्टापछि तिनीहरू मेनरोडमा हिंडिरहेका थिए । हिड्दा हिड्दै तिनीहरू फौजलाई राख्ने क्याम्पमा पुगे ।

तिनीहरू चाँडै कोलम्बस मरुभूमि पार गरी सानो चौकीमा पुगेर त्यहाँ उनीहरूले फलहरू खाए । त्यति बेला एघार बजेको थियो । नदी किनारा अगाडिको त्यो अर्जेन्टीयल भन्ने गाउँ श्मसान जस्तो शून्य थियो ।

साउवेजले ठाउँ देखाएर भन्यो– त्यो अरलो ठाउँमा प्रसीया देशका निवासीहरू छन् । तुरुन्तै दुबैलाई आकस्मिक संत्रास पैदा भयो– प्रसीयन...! तिनीहरूले प्रसीयनलाई कहिले पनि देखेका थिएनन्, तर केही महीना देखि तिनीहरू पेरिसको वरिपरिका हुन् भन्ने थाहा पाएका थिए । मोरीसटले भन्यो– यदि हामीले कसैलाई भेट्यौं भने के गर्ने ? साउवेजले जवाफ दियो– हामीले तिनीहरूलाई एकप्लेट तारेको माछा खान अनुरोध गर्ने । त्यसपछि तिनीहरू चारैतिरको शून्यतालाई छोडेर हिंडे ।

साउवेजले भन्यो– आउ, तर होशियार भएर । विस्तारै तिनीहरू घरेर एउटा फलको रुखमुनि लुके । मोरीसटले कान टाठो पारेर सुन्यो– कोही नजिकै आएको छ कि भनेर, तर उसले केही सुनेन । तिनीहरू चुपचाप थिए र नदी किनार स्थित मरुभूमिको टापूमा लुकेका थिए । विस्तारै नदीमा पुगेर पालै-पालोसँग तिनीहरूले माछा मारीरहे, एउटा सानो चाँदी जस्तो माछा बेरीएर आयो । बाइबलमा यस्तो माछा अचम्मको हुन्थ्यो । तिनीहरू खुशीले गद्गद भए । तिनीहरूले संसारलाई नै बिसिएर माछा मारी रहेका थिए ।

अकस्मात भुईंचालो गयो र कानको जाली फुट्ला जस्तो गरेर जमीन मुनिबाट आवाज आयो । मोरी-सटले चारै तर्फ हेर्‍यो । केही क्षणपछि अर्को विस्फो-टन भयो । तिनीहरू दिकदार भए र एक अर्कालाई मार्न पनि पछि नपर्ने जस्ता देखिए ।

तिनीहरूले राजनीति बहस गर्न थाले, अन्त्यमा तिनीहरू कसैलाई पनि स्वतन्त्रता छैन भन्ने कुरामा मंजूर भए । जुनसुकै बेला पनि माउन्ट भेलेरीयनबाट बन्दुकको आवाज आइरह्यो । त्यहाँ कतिका सपनाहरू अन्त्य भए त कतिले आफ्नै आँशुले आफ्ना घाउहरू-लाई धोए । त्यो दृश्य वास्तवमा नर्क समान थियो । साउवेजले भन्यो– हाम्रो जिन्दगी कस्तो छ ? मोरी-सटले हाँसेर उत्तर दियो– हाम्रो मृत्यु पनि कस्तो छ ?

केही छिनपछि तिनीहरू आफ्नो पछाडी मानिसहरू हिंडेको आवाजले डराए । पछाडी फर्केदा तिनीहरूले देखे, चारजना अग्ला अग्ला दारी पालेका र हातमा राइफल लिएका मानिसहरू । तिनीहरूले टाउकोमा

पयात्त पारेर टोपी लगाएका थिए। त्यो देखेर तिनीहरूको हातबाट माछा मार्ने जालो भुईमा खस्यो। तिनीहरू नदीमा पौड्दै बाहिर निस्केर एउटा रेष्टुराँ पछाडी पुगे। त्यहाँ कम्तीमा बीसजना जर्मन सिपाहीहरू थिए, एउटा सिपाहीले शुद्ध फ्रेञ्च भाषामा सोध्यो– "महासयहरू, तपाईहरुलाई मन पर्ने कुन राम्रो बेन हो ?

त्यतिकैमा एउटा सिपाहीले तिनीहरूको माछा मार्ने जाली अफीसरको खुट्टानेर खसाल्यो जसलाई ती दुई साथीहरूले अति जतनसाथ राख्ने गर्थे। प्रसीयन हाँस्दै भन्यो– तिमीहरू दुःख नमानीकन मैले भनेको कुरा सुन। तिमीहरूलाई गोली हान्नु भन्दा दुःख लाग्दो कुरा अरू के हुन सक्ला – त्यो नै युद्ध हो। तिमीहरूले फ्रेञ्चले सुरक्षा गरेको स्थानबाट जानुपर्छ। अफिसरले भन्यो– यो सबै के हो भन !

ती दुई साथीहरू पहेंलो अनुहार लगाएर संगैसंगै उभिए। तिनीहरूका हातहरू कामीरहेका थिए। तिनीहरूले केही थाहा छैन भनी चुपचाप उभिरहे। प्रसीयनले नदीतिर देखाएर भन्यो– पांच मिनटमा तिमीहरू त्यो पानीको पीँधमा हुनेछौ–यो कुरा सोच। पाँच मिनटमा ! म अनुमान लगाउँछु, तिम्रो नातेदार पनि होला ?

मिष्टर भलेरीयनले बन्दुक अझै सोझ्याई रहेको थियो। दुइजना माझीहरू एक शब्द नबोलीकन उभिई रहेका थिए। जर्मनले आफ्नै भाषामा उनीहरूलाई आज्ञा दियो। तिनीहरूलाई कैदी झैं केरकार गर्न थालियो। एक दर्जन मानिसहरूले राइफल लिएर बीस गज परबाट आफ्नो पोजीसन लिइरहेका थिए। एक सेकेण्ड बढी टाइम नहोस भनेर अफिसरले भन्यो, त्यसपछि अफिसर ती दुई फ्रेञ्चहरू गयो। उसले मोरीसटलाई पाखुरामा समातेर एउटा कुनामा लग्यो र सानो स्वरमा सोध्यो– छिटो भन, जाने बाटो कुन हो ! तिम्रा साथीहरुलाई यस बारेमा केही थाहा हुँदैन। मोरीसटले कुनै जवाफ दिएन।

त्यसपछि प्रसीयनले साउवेजलाई पर लगेर त्यही प्रश्न सोध्यो, तर त्यसबाट पनि जवाफ उस्तै पायो। त्यसपछि तिनीहरुलाई जाने आज्ञा दिइयो। तिनीहरू संगसंगै अलिपर घाँसमा के पुगेका थिए "फायर!!" अफिसर चिच्यायो।

साउवेज नाकले टेकेर लड्यो। मोरीसट–जो अग्लो थियो उसको साथीको मृत शरीर नाघेर गै त्यही छेउमै आकाशतिर मुख फर्काएर लड्यो। उसको छातीबाट आएको रगतले पूरा कपडा नै रगताम्य बनाएको थियो।

सिपाहीहरुले ती दुई लाशहरुलाई संगै राखेर खुट्टा देखि नै डोरीले बाँधेर नदीको किनारमा लगे। दुईटा सिपाहीहरुले मोरीसट र साउवेजको टाउको र खुट्टाहरू अगाडी पछाडी समातेर खुट्टालाई नदीमा खसाले, त्यसपछि सबै शरीर। अफिसरले विस्तारै भन्यो– यो माछाको बदला हो। जब ऊ घर फर्किन लागेको थियो जालभरीको माछामा उसको आँखा गयो। उसले त्यो उठायो, जाँच्यो र हाँस्यो। अनि उसले आज्ञा दियो– यी माछाहरू तार, कति स्वादिलो होलान्। त्यसपछि अफिसरले पाइप निकालेर धुम्रपान गर्न लाग्यो।

अनु– **लक्ष्मी पन्त**

गजल

शहर हाँसोस् या रोग्रोस् कसैलाई कुनै मतलब छैन
यो दृश्य हेर्न मान्छेहरूलाई किन किन फुर्सद नै छैन ।

कति विवश छ बिचरो बबुरो तैपनि निर्मल हाँसो हाँसिरहेछ
के भएको हो मान्छेहरूलाई कुन्नी केही गर्न जोश नै छैन ।

हातमा बन्चरो लिएर कति सजगतासाथ मुढालाई ताकिन्छ
बन्चरोले घुडा ताकेको किन कसैलाई कुनै होस छैन ।

कति मेहनतसाथ कसैको निमित्त कतै कोही खाल्डो खन्छ
कहीं त्यो खाल्डोमा आफू स्वयम् पर्ने कसैलाई किन ज्ञान छैन ।

—धीरेन्द्र मल्ल

गजल

मायाँ मायाँ भन्छन् सब,
मायाँ भन्ने वस्तु के हो ?

मिल्न सकेन आजसम्म परिभाषा यसको,
यसको गहिराईलाई नाप्ने संयन्त्र के हो ?

यस्तै अनभिज्ञतामा बितेका छन् दिनहरू,
यसको सजीव आकृतिलाई देख्ने नयन के हो ?

बिलाएर गए आकांक्षाहरू मृगतृष्णा भई,
प्रतीक्षामा तड्पिदैछु मायाँ भन्ने वस्तु के हो ?

—उपेन्द्रबहादुर थापा 'सिर्जना'
चोभार, काठमाडौं

गजल

अत्याचारको विरुद्ध लडिरहने छातीहरू फलाइदियो
यथास्थितिको डसाइले मनको मानिस चलाइदियो

युद्धमा कुन डरछेरुवाले जाँच दिने र नम्बर पाउने
एउटा बीरले हिम्मत गऱ्यो र आँशुहरूलाई जलाइदियो

सहेर माटोमाथिको बलात्कार कस्तो सुन्दर काव्य लेख्ने
आँखा मिज्दै कलम उठ्यो र लोलाएका परेला चलाइदियो

हीरा जस्तो अक्षरमा कविले कसको नांगो तस्बीर छाप्ने
अक्षरहरूको मुश्लो उठ्यो र आतंकको आकाश जलाइदियो ।

—बासुदेव अधिकारी

पुस्तक-परिचय

कृति– उम्रन्छन् आँसुका वृक्ष
कवि– मित्रलाल पजानी
प्रकाशक– रेखम भण्डारी
पृष्ठ– ८०+१०
मूल्य– १५/–

सतसट्ठीवटा साना ठूला कविताको संगालो यस कृतिमा कविले आफ्नो मनोभावनालाई विविधतामा भर्दै विभिन्न छन्दमा अभिव्यक्ति दिएका छन्। कविले आफ्ना कविताहरूमा आँसुको खोला बगाएका छन्, कामिनीको मुखले चाँदनीलाई लज्जित बनाई दिएका छन्। उनका कवितामा वृक्षलता बोल्छन्, प्रकृतिका समस्त गुण एकत्रित हुन्छन्, कविताले साधारण जनमानसलाई छुन खोज्छन्। 'मान्छेमा अनेकौं रहरहरू हुन्छन् तर सबैको प्राप्ति असंभव छ'– भन्ने जस्ता शिक्षाहरू कतिपय लाइनहरूले दिन्छन्। धन माथि धन र गरिबी माथि गरिबी भएको अ–समान प्रचलन र व्यवहारलाई देखेर कविले कतै विद्रोह प्रकट गर्छन्। कवितामा कतै मायाप्रिती छ, कतै जोश छ त कतै देशभक्ति र राष्ट्रप्रेम छ। समयले कहिल्यै पनि पर्खंदैन। 'समयको सदुपयोग वा दुरु-दुरुपयोग गर्ने मानिसको हातमा छ'– भन्ने उपदेश पनि कतै कतै पाइन्छ।

यसमा केही कमजोरीहरू पनि नपाइने होइनन्, सबभन्दा पहिले त किताबको शीर्षकमै पाठकको मन खड्किन्छ, जसमा एउटा कविताको छन्दोबद्ध लाईन छानिएको छ जो त्यति उपयुक्त लाग्दैन। यस भित्रका केही कविताका लाईनहरू पनि अनावश्यक रूपमा तन्काइएका छन् र सारहीन छन्, जे भएपनि सामाजिक यथार्थतालाई चटक्क कविताको रूप दिई जनसमक्ष राखिदिनुले समग्र रूपमा युवा कवि सफल मानिन्छन्।

–ठाकुर

कविता

बदमाश

म आमाको गर्भमा बस्दा पनि
बदमास भएर बसें
र आमाको कोखबाट जन्मदा पनि
बदमास भएर जन्में,
ज्यामीर रोपेर कान्लामा
अंगुर अवश्य पनि फल्दैन
फापर छरेर खेतमा
धान निश्चय पनि उम्रदैन,
हुर्कंदा पनि
आमाको ममतापूर्ण काखमा म प्रथम पुरुष सन्तान
हो, म बदमासै भएर हुर्कें।

संसारमा नियति बलवान् हुन्छ कि
पुरुषार्थ बलवान् हुन्छ ?
बदमासको पुरुषार्थ नै बदमासी हो
बदमासको धर्म नै बदमासी हो,
म आफ्नो पुरुषार्थबाट असन्तुष्ट बन्न चाहन्न
र आफ्नो धर्मबाट विचलित हुन चाहन्न,
मान्छे हो !
मलाई किन तिमीहरू–
बराबर विधर्मी बन्न उत्प्रेरित गर्छौ ?
ठोकेर फलाममाथि
घनका असह्य प्रताडनाहरू
के तिमी फलामलाई सुन बनाउन सक्छौ ?

–प्रह्लाद पोखरेल